जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २४५ • २०८१ साल माघ १७ गते विहीबार (30 January, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने विधेयकविरुद्ध कांग्रेस



**टुडे समाचारदाता**

काठमाण्डु । सत्ताअगठबन्धन दलका घटक नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अभिव्यक्ति स्वतन्त्र कुण्ठित गर्ने ढंगले आएको विधेयकलाई कांग्रेसले स्वीकार गर्न नसक्ने बताएका छन् ।

उनले सामाजिक सञ्जाल विधेयक ल्याउँदै गर्दा दुई दलबीच गहन छलफल नभएको पनि बताए ।

उनले भने, 'अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गरेर हुने कर्म हामी प्रतिपक्षमा रहँदा होस् वा सत्तामा हुँदा कुनै मन्त्रालयबाट अघि बढ्छ भने अस्वीकार हुन्छ ।'

विधेयक ल्याउन सभापति शेरबहादुर देउवासँग प्रधानमन्त्री केपी शर्मा ओलीले सहमतिमै ल्याए पनि आफू सोको विपक्षमा रहेको भन्दै महामन्त्री शर्माले त्यसको भारी कांग्रेसले नबोक्ने दाबी गरे ।

महामन्त्री शर्माले भने, ' अभिव्यक्ति स्वतन्त्रता र मर्म र मूल्यको सन्दर्भमा कांग्रेसको दृष्टिकोण यो विधेयकले प्रतिनिधित्व गर्दैन ।'

उनले जनमत, सरोकार, नियमन गर्ने अरु विधिहरू ख्याल नै नगरी विधेयक ल्याउने कार्य भएको बताए । उनले फेक आइडी बनाउने, अमार्यादित ढंगले गाली गर्ने, अश्लिल सामग्री पोष्ट गर्ने नियन्त्रण गर्ने सन्दर्भमा भने आम नागरिक र सामाजिक सञ्जाल प्रयोगकर्ताकै चाहना पनि रहेको पनि बताए ।

उनले भने, 'मिस र डिस इन्फर्मेशनले परेको असर र परीक्षण गर्न पनि मर्यादित ढंगको सोच जरुरी नै छ,' महामन्त्री शर्माले अघि थप्दैं भने, 'तर, अहिले आएको आएको विधेयक अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने खालको छ ।' कतिपय विषयहरू प्रेस काउन्सिलले हेर्न मिल्ने पनि उनले बताए ।

कतिपयमा कारबाही प्रक्रिया फरक तरिकाले गर्न सकिनेमा फौजदारीमा तान्न खोजिएको प्रावधानहरूप्रति उनले आपत्ति रहेको बताए । उनले भने, ' अभिव्यक्ति स्वतन्त्रताको पक्षमा विश्वप्रकाश शर्मा प्रवक्ता हुँदा जारी भएको वक्तव्यसँग अहिले महामन्त्री हुँदा पनि प्रतिवद्ध छ,' शर्माले भने, 'सामाजिक सञ्जाल विधेयक हामीसँग परामर्श नगरी जारी गरिएको छ । हाम्रो आपत्ति छ ।'

त्यस्तै नेपाल पत्रकार महासंघले पनि गम्भीर आपत्ति जनाउँदै सो विधेयक सरकारलाई तत्काल फिर्ता लिन आग्रह गरेको छ ।

सरकारले राष्ट्रिय सभामा दर्ता गरेको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन सम्बन्धी विधेयकप्रति नेपाल पत्रकार महासंघले गम्भीर ध्यानाकर्षण जनाएको छ । महासंघले विधेयकका कतिपय प्रावधान संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको हनन गर्ने खालका रहेको भन्दै विज्ञप्ति जारी गर्दै गम्भीर आपत्ति जनाएको छ ।

# बाबुको नाम विना नागरिकता
## आमाकै नामबाट पनि नागरिकता पाइने

**टुडे समाचारदाता**


जनकपुरधाम । नेपाली आमाबाट जन्मेका सन्तानले बाबुको नामविना पनि नागरिकता प्राप्त गर्न सक्ने गरी सरकारले संशोधित विधेयक संसदमा दर्ता गराएको छ ।

गृह मन्त्रालयद्वारा तयार गरिएको सो विधेयक संसदमा दर्ता गरिएको जनाइएको छ ।

विधेयकमा नागरिकता प्राप्तिका लागि सम्बन्धित व्यक्तिले सम्बन्धित निकायमा निवेदन दिनुपर्ने हुन्छ ।

यस प्रक्रियाबाट जारी नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख गर्नुपर्ने स्थान खाली राखिने व्यवस्था गरिएको जनाइएको छ ।

नागरिकता ऐन, ०६३ लाई संशोधन गर्न बनेको विधेयकको दफा ४ को उपदफा १ मा भनिएको छ, '(१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनुपर्नेछ ।' विधेयकमा जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख भएको, तर नागरिकता लिने अवधिसम्म सम्पर्क नभएको सन्तानले पनि वंशजको नागरिकता पाउन सक्नेछन् । तर, त्यसका लागि



सम्बन्धित व्यक्तिले बाबुको पहिचान नखुलेको र हालसम्म सम्पर्कमा पनि नरहेको भनी स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विधेयकको दफा २ को उपदफा २ मा भनिएको छ, 'कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिने छ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।' त्यस्तै जन्मिएका आधारमा नागरिकता प्राप्त गरेका बाबु वा आमाका सन्ततिले पनि वंशजकै नागरिकता प्राप्त गर्न सक्नेछन् । संशोधन गर्नबनेकोविधेयक ०८१ को दफा १ का उपदफा १ मा भनिएको छ, '(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नुअगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहीन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ ।'

नेपालको नागरिक आमाबाट विदेशमा जन्म भइ नेपाल बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएका र बाबुको पहिचान नखुलेका सन्तानले पनि नागरिकता प्राप्त गर्न सक्नेछन् । तर, त्यस्ता व्यक्तिले स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको छ । उनीहरूलाई अंगीकृत नागरिकता प्रदान गरिने व्यवस्था छ ।

संसदमा दर्ता भएको विधेयकको दफा २ को उपदफा २ मा भनिएको छ, '(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने छ ।'

बाबु वा आमा कम्तीमा एक नेपाली नागरिक रहेकाहरूको १६ वर्ष उमेर नपुगेका सन्तानले पनि नाबालक परिचयपत्र प्राप्त गर्न सक्नेछन् ।

संशोधन गर्न बनेको विधेयकको दफा ८ मा भनिएको छ, '१६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिएबमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ ।'

सो विधेयकले ठूलो संख्यामा बालबालिका लाभान्वित हुने अभिवक्ताहरु बताउँछन् । सो विधेयकले आमासँग रहेका १६ लाख ८८ हजार र बाबुसँग रहेका एक लाख बालबालिकालाई राहत मिल्ने बताइएको छ ।






# थप अधिकारका लागि समर्पित हुनु नै सहिदप्रति श्रद्धाञ्जली : अध्यक्ष दाहाल



काठमाण्डु । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले प्राप्त उपलब्धिहरूको रक्षा र सुदृढ गर्दै थप अधिकारका निम्ति समर्पित हुनु नै सहिदहरूप्रतिको सच्चा श्रद्धाञ्जली हुने उल्लेख गर्नुभएको छ।

सहिद दिवसका सन्दर्भमा सन्देश जारी गर्दै उहाँले देश र जनताको हक अधिकारका लागि विभिन्न समयमा विभिन्न प्रकारका आन्दोलनमा जीवन अर्पण गर्ने सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। साथै उहाँले बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दै घाइते योद्धाहरुको स्वास्थ्यलाभको कामना व्यक्त गर्नुभएको छ।

माघ १६ नेपाल र नेपालीहरूको आत्मसम्मान र स्वतन्त्रताका लागि आफ्नो जीवन बलिदान गर्ने सहिदहरूप्रति विशेष सम्मान र स्मरण गर्ने दिन हो । अध्यक्ष दाहालले यस दिनलाई देश र जनताको मुक्ति एवं परिवर्तनका निम्ति सहिदहरूले देख्नुभएको सपना र लिनुभएको अठोटलाई पूरा गर्ने सङ्कल्प गर्ने दिन भएको उल्लेख गर्नुभएको छ।

राज्यकै तहबाट सहिद दिवस मनाइरहँदा सहिदहरुको योगदानको कदर गर्दै सहिद परिवारहरुको उचित सम्मान, संरक्षण र अभिभावकत्व दिनुमा नै सहिदहरुप्रतिको सच्चा सम्मान हुने उहाँको भनाइ छ। नेपालका प्रथम सहिद लखन थापामगरदेखि जहाँनिया राणाकालविरुद्धको आन्दोलन, विसं २००७ को परिवर्तन,जनविद्रोह,जनआन्दोलन, पहिचान र अधिकारका निम्ति विभिन्न वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको नेतृत्वमा भएका न्यायपूर्ण सशस्त्र आन्दोलन र विभिन्न जनसङ्घर्षको बलमा नै नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्न सम्भव भएको हो।

अध्यक्ष दाहालले त्यसलाई विसं २०७२ मा जारी संविधानले संस्थागत गरेको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि संविधानको इमानदारितापूर्वक कार्यान्वयन गर्न सहिद दिवसले सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभएको छ।रासस

# जसले महायज्ञका लागि १०११ मूर्ति बनाउँदैछन् !

वीरगञ्ज । उमेरले ५५ वसन्तपार गरेर बुढ्यौलीले छोएपनि मूर्तिकार बलिराम पण्डितको जोशजाँगर भने कुनै तन्नेरीको भन्दा कम छैन।

विगत ३० वर्षदेखि उहाँका हातले देवदेवताका विभिन्न स्वरुप र आकृति भएका मूर्ति बनाउँदै आएका छन्।

यतिबेला उहाँलाई आफ्नो जीवनभरकै सबैभन्दा बढी मूर्ति बनाउने अवसर जुरेको छ।

वीरगञ्जमहानगरपालिका-१६ बसपार्कभन्दा झण्डै दुई किलोमिटर दूरीमा अवस्थित विश्रामपुर गाउँपालिका-५ मा आयोजना हुन लागेको श्रीश्री१००८महाशिवरात्री महामहोत्सव महायज्ञ २०८१ मा पण्डित नेतृत्वको टोलीले एक हजार ११ वटा देवदेवताका मूर्ति बनाउने जिम्मेवारी पाएको छ।

"विगत ३० वर्षदेखि विभिन्न स्वरुप र आकृतिका देवदेवताका प्रतिमा बनाउँदै आइरहेको थिए", पर्साको विन्दवासिनी गाउँपालिका-५ प्रसौनीभाङ्गाका पण्डितले भन्नुभयो, "पहिलो पटक एक हजार ११ वटा देवदेवताको मूर्ति बनाउने अवसर पाउँदा मनमा छुट्टै उमङ्ग र उत्साह थपिएको छ।" उहाँलाई बनाउन १८ जना कालिगड सहयोगीका रूपमा डेढ महिनादेखि खटिरहेका छन्।



मूर्तिकार पण्डितले एक हजार ११ मध्ये विभिन्न भगवानका लिला समेट्ने खालका मूर्ति तयार पारिने जानकारी दिनुभयो। रामलिला, कृष्णलिला, शिवलिला, ५२ अवतार, सूर्य लिला, कुरुक्षेत्र, हुनमानका लिला, भिष्मपीता, लङ्कालगायत एक हजार ११ मूर्ति तयार पारिने भन्दै पौराणिक कथा तथा ग्रन्थका गतिविधिलाई मूर्तिमा समावेश गर्न लागिएको उहाँले बताउनुभयो।

मूर्तिकार पण्डितले सामान्यता सानो मूर्तिको रु एक हजार पाँच सयदेखि रु पाँच हजार मूल्य पर्ने भन्दै सोही अनुसार मूर्ति बनाउन लागिएको उल्लेख गर्नुभयो । उहाँले एक हजार ११ मूर्ति बनाउन करिब रु २५ लाख रकम लाग्ने अनुमान गर्नुभयो।

"माटोलाई कुदेँर भगवानको आकार बनाउँदा छुट्टै आत्मसन्तुष्टि मिल्छ", पण्डितले भन्नुभयो, "हामी पुस्तौदेखि यही काम गर्दै रमाइरहेका छौँ।

यही माटोबाट हुने कलात्मक आकृतिका कारण पाँच जनाको परिवारलाई हाँसीखुसी पाल्दै आइरहेको छु।" उहाँले सबै खर्च कटाएर वार्षिक रु चार लाखसम्म बचत हुँदै आएको जानकारी दिनुभयो।

पण्डितले मूर्ति बनाएरै तीन छोरी र दुई छोरालाई उच्च शिक्षा दिँदै आइरहेको बताउनुभयो । "विगतमा मैलै २१, ५१, एक सय एक, दुई सय एक स्स्ंख्यामा मूर्ति बनाएको थिए," उहाँले भन्नुभयो, "यतिधेरै मूर्ति भने पहिलो पटक बनाउन लागेको हुँ।"

महामहोत्सव महायज्ञ मूल व्यवस्थापन समितिका अनुसार महायज्ञ आगामी माघ २४ गतेदेखि फागुन १५ गतेसम्म सञ्चालन हुनेछ।

मूल व्यवस्थापन समितिका सदस्य सुमित यादवले महायज्ञमा एक हजार ११ मूर्ति बनाउने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । "महायज्ञ सामाजिक कार्य गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो", उहाँले भन्नुभयो।

महायज्ञ प्रसारप्रसार समितिका संयोजक राज सर्राफले महायज्ञको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । महायज्ञमार्फत सामाजिक कार्य गर्नुका साथै धार्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास लिइएको उहाँले बताउनुभयो।रासस

# बाक्लो हुस्सुका कारण स्कूल बस दुर्घटना



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामस्थित एजुकेशन प्वान्ट स्कूलको बस धनुषा जिल्लाको मिथिलाबिहारी नगरपालिकामा दुर्घटनामा भएको छ।

सार्वजनिक विदाको दिन पनि विद्यालय सञ्चालन गरी जनकपुरधामबाट बुधबार विद्यार्थी लिन तारापट्टी जाँदै गरेको बस बाक्लो हुस्सुका कारण बाटो देख्न नसक्दा दुर्घटनामा परेको छ।

बस दुर्घटना तारापट्टी र ठेराकोबीचमा भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वरुण बहादुर सिंहले बताए अनुसार सो दुर्घटनामा चार जना विद्यार्थी घाइते भएका थिए।

जसमध्ये एकको अवस्था मध्यम रहेको थियो भने बाँकी तीन जनालाई सामान्य चोटपटक लागेको थियो। उनीहरुको सामान्य उपचार पछि घर फर्केका छन्।

स्थानीयवासीका अनुसार बस चालकले बाक्लो हुस्सुमा पनि अत्यधिक गतिमा सवारी हाँक्दा दुर्घटना भएको छ। बस अनियन्त्रित भइ सडकबाट तल खेतमा पल्टिएको थियो।

# राजस्व चुहावट कसुरमा मुद्दा दायर

लुम्बिनी।राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय बुटवलमार्फत बुटवल उपमहानगरपालिका-५ नेपालगञ्जरोडस्थित अलिम इन्टरप्राइजेजका सञ्चालक अलिम मियाँविरुद्ध राजस्व चुहावट कसुरमा मुद्दा दायर गरेको छ।

विभागले अलिम इन्टरप्राइजेजका सञ्चालक मियाँले बिनास्रोतका भन्सार चोरीपैठारी गरिएका मालवस्तुको कारोबार गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर बिलविजक जारी नगरीकनै मूल्य अभिवृद्धि कर तथा आयकर छलेर राजस्व चुहावट गरेकाले उच्च अदालत तुलसीपुर बुटवलमा मुद्दा दायर गरेको हो।

रासस

# जनतालाई सुखी र खुसी बनाउन तीन तहकै सरकारले काम गरिरहेका छन् : राष्ट्रपति पौडेल



दमौली । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली जनतालाई खुसी र सुखी बनाउन तीन तहकै सरकारले काम गरिरहेको बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-८ पुलिमराङस्थित सहिद पार्कमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले सङ्घीय, प्रदेश र स्थानीय सरकार जनताको खुसीका लागि विकासको काममा जुटेको उल्लेख गर्नुभयो।

नेपाल चाँडै उन्नतिको बाटोमा अगाडि बढ्ने बताउँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "अरू मुलुक जस्तै नेपालको पनि अब प्रगति हुन्छ।

नेपालमा केही भएन भनेर निराशा व्यक्त गर्ने होइन । अब सबै मिलेर नेपाल बनाउने बेला आएको छ।" उहाँले कृषि क्रान्ति गरेर उद्योग व्यवसाय स्थापना गरी गाउँमा नै रोजगारी र आम्दानी गराउनेतर्फ सरकार लागिपरेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाली जनतालाई सुखी र खुसी बनाउन चाहन्छौँ । राज्यले त्यहीअनुसार काम गरिरहेको छ।"

राष्ट्रपति पौडेलले सहिदको बलिदानीका कारण नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएकाले सहिदले देखाएको बाटो भुल्न नहुने बताउनुभयो।

नेपाली जनताको स्वतन्त्रता र प्रजातन्त्र स्थापनाका लागि सहिदको भूमिका अतुलनीय रहेको पौडेलको भनाइ थियो । उहाँले भन्नुभयो, "प्रजातन्त्र स्थापनाका लागि पुलिमराङको पनि महत्त्वपूर्ण भूमिका छ । विसं २००७ को क्रान्ति होस् या २०१८ सालको क्रान्तिमा यहाँका सहिदको बलिदानी महत्त्वपूर्ण रह्यो । पुलिमराङ सहिदको भूमि हो।"

राष्ट्रपति पौडेलले पुलिमराङसम्म आउने बाटो छिट्टै कालोपत्र हुने बताउनुभयो।

सहिद पार्कमा भरत गुरूङ, शमशेरबहादुर गुरूङ, लालध्वज गुरूङ, धर्मध्वज गुरूङ, सर्वसिंह गुरूङ, हस्तवीर गुरूङको लहरै अर्धकदको प्रतिमा रहेका छन्। यी सबै सहिद पुलिमराङमा जन्मिएका थिए। जसले राणाशासन र निर्दलीय पञ्चायती व्यवस्थाविरूद्धको आन्दोलनमा ज्यान गुमाए । सहिदपार्क बनाउन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पहल गर्नुभएको थियो।

विसं २०५१ चैत २९ गते पुलिमराङ गाउँमा सौर्य परियोजना उद्घाटन गर्न आएका बेला कोइरालाको तदारूकतामा समिति बनेको थियो। विसं २०६६ मा सहिद स्मारक बनाएर छ जना सहिदको अर्धकदको शालिक राखियो । ती शालिकको एक दशकपछि अनावरण गरिएको थियो।

यसैबीच तनहुँको व्यास नगरपालिका-८ पुलिमराङस्थित सहिद स्मारक कोष समितिले सहिद पार्कको विकासका लागि सहयोग गर्न राष्ट्रपति पौडेलसमक्ष आग्रह गरेको छ। समितिले यस क्षेत्रको समग्र विकासका लागि सरकारको ध्यानाकर्षण गराइदिन आग्रह गरेको हो।

वृहत गुरूयोजनाअनुसार सहिद पार्कको सर्वाङ्गीण विकासका लागि रू १५ करोड बजेट आवश्यक पर्ने देखिएकाले बजेट विनियोजनका लागि भूमिका खेलिदिन पौडेल समक्ष आग्रह गरिएको समितिका अध्यक्ष एकबहादुर गुरूङले जानकारी दिनुभयो। रासस

# राष्ट्रिय योजना आयोगद्वारा अनुदान लिन प्रस्ताव माग

काठमाण्डु । राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ । प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आयोगले यी शीर्षकमा अनुदान लिन आगामी फागुन १५ गतेभित्र योजना तथा कार्यक्रमको विस्तृत विवरणसहितको प्रस्ताव पेश गरिसक्न भनेको हो।



अघिल्ला वर्षहरुमा आयोगले समपूरक र विशेष अनुदानका योजनाको प्रस्ताव पुस मसान्तभित्र माग गरिसक्थ्यो। तर यसपटक राष्ट्रिय विकास समस्या समाधान समितिले समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्न निर्देशन दिएपछि प्रस्ताव माग गर्न ढिला भएको थियो । आयोगका सहप्रवक्ता डा दिवाकर लुईंटेलकाअनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो। "समपूरक अनुदानमा सङ्घले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था ल्याइएको छ। सोहि व्यवस्थाअनुसार आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो", लुईंटेलले राससँग भन्नुभयो । विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ ले यो शीर्षकमा अनुदान दिँदा योजना तथा कार्यक्रमको लागत तोकेको छ। गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रममा रू २५ लाख लेखि रू तीन करोड लागत हुनुपर्नेछ । त्यस्तै, उपमहानगरपालिका/महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागत अनुमान न्यूनतम रू २५ लाख देखि अधिकतम रू पाँच करोड सम्म तोकिएको छ । सङ्घीय विशेष अनुदानअन्तर्गत प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि कुल लागत अनुमान रू पाँच करोड देखि रू १० करोड तोकिएको छ । विशेष अनुदानअन्तर्गतका पूर्वाधार आयोजना तीनवर्षभित्र र अन्य कार्यक्रम सालबसाली रुपमा सम्पन्न गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ।

त्यस्तै, समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ अनुसार गाउँपालिका वा नगरपालिकाले रू एक करोड देखि रू सात करोडसम्मको लागतको आयोजना तथा कार्यक्रमका लागि सङ्घ सरकारसँग अनुदान माग गर्न सक्छन्।त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले रू तीन करोड देखि रू १५ करोड र प्रदेशले रू १० करोड देखि रू तीस करोडसम्मका आयोजनाका लागि प्रस्ताव हाल्न सक्छन्।

प्रदेश र स्थानीय तहले अनलाईन प्रणालीबाट मात्रै समपूरक र विशेष अनुदानसम्बन्धी प्रस्ताव हाल्न पाउने व्यवस्था रहेको सहप्रवक्ता लुईंटेलले बताउनुभयो । त्यस्तै, यस्ता आयोजना तथा कार्यक्रममा अनुदान लिनका लागि प्रस्ताव पेश गर्दा कार्यविधिले तोकेको प्रक्रिया र कागजातहरु आवश्यक हुने उहाँको भनाई छ।

"अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा विस्तृत कागजात पेश गर्नुपर्ने हुन्छ । कार्यविधिले तोकेको प्रक्रिया नपुऱ्याइकन परेका प्रस्तावहरु अनुदानका लागि योग्य हुँदैनन्", उहाँले भन्नुभयो।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ। परिवारको साथ र सहयोग मिल्नेछ।
वृष : दिन सामान्य छ। साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ।
मिथुन : दिन रमाइलो छ। परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ। लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ।
सिंह : दिन राम्रो छ। लगानीका क्षेत्र सबल छन्।
कन्या : दिन सामान्य छ। परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ।
वृश्चिक : खटपटी बढ्नेछ। प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ ।
मकर : दिन सामान्य छ। अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ। हरेक काममा बाधा आइलाग्नेछ।
कुम्भ : दिन सामान्य राम्रो छ।
मीन : सोचेका काम बन्नेछन्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विश्वका हिन्दुहरुको आस्थाको केन्द्र जानकी मन्दिरमा सवारी साधन प्रतिवन्ध गरिएपनि सरकारी सवारी साधन प्रवेसका लागि कसैले रोक लगाउन सक्दैन । *तस्विर : संजय कुमार यादव*

# सिरहाको ठाडी भन्सारमा लक्ष्यअनुसार उठेन राजस्व

सिरहा । सिरहाको ठाडी भन्सार कार्यालयमा चालु आर्थिक वर्षको छ महिनाको अवधिमा भन्सार विभागले निर्धारण गरेको लक्ष्यभन्दा कम राजस्व उठेको छ ।यस भन्सार कार्यालयलाई आव २०८१/८२ मा रु चार करोड २३ लाख ४२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिएकोमा पुस मसान्तसम्म रु दुई करोड पाँच लाख ६९ हजार लक्ष्य तोकिएको थियो ।




तर, छ महिनाको यस अवधिमा कार्यालयले रु एक करोड ७१ लाख ४५ हजार मात्र राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको करिब ८४ प्रतिशत हुन आउँछ । कार्यालयका भन्सार अधिकृत मुकेशकुमार पाठकका अनुसार अपेक्षित राजस्व सङ्कलन हुन नसक्नुमा सिरहा जिल्लामा ‘ खाद्य तथा प्लान्त क्वारेन्टाइन’ नहुनु हो ।

उहाँले भन्नुभयो, “यस जिल्लामा दुईवटा मूल भन्सार र एउटा छोटी भन्सार कार्यालय रहेका छन् । तर जिल्लामै खाद्य तथा प्लान्ट क्वारेन्टाइन नहुँदा खाद्य सामग्रीको भन्सार जाँजपास हुन सकेन र अपेक्षित राजस्व सङ्कलन पनि हुँन नकेन ।”

भन्सार अधिकृत पाठकले प्लान्ट क्वारेन्टाइन कार्यालयको अभावमा चोरी निकासी तथा पैठारी हुने गरेको भन्दै खाद्य सामग्रीलाई वैधानिक रुपमा भन्सार जाँचपास प्रक्रियामा ल्याउन सके राजस्व सङ्कलन दुई गुणाले बढ्ने दाबी गर्नुभयो । सम्बन्धित मन्त्रालय तथा विभागमा पटकपटक पहल गरिए तापनि सुनुवाइ हुन नसकेको उहाँले जानकारी दिनुभयो ।रासस

# सरकार दिगो शान्ति, सुशासन र आर्थिक समृद्धिको यात्रामा प्रतिबद्ध छः गृहमन्त्री



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मुलुकमा सुशासनसहितको विकास र आर्थिक समृद्धिको यात्रामा वर्तमान सरकार निरन्तर लागिरहेको बताउनुभएको छ ।

राष्ट्रिय सहिद दिवसका अवसरमासङ्घीयसरकारद्वाराबुधबार सिंहदरबार परिसरमा आयोजित मूल समारोहमा उहाँले सहिदहरूले देखाएको बाटोमा अघि बढ्दै देशमा दिगो शान्ति, सुशासन, समृद्धि, स्थायित्व र विकासको मार्गलाई सुदृढ गर्दै जानु राष्ट्रिय दायित्व भएको उल्लेख गर्नुभयो ।

गृहमन्त्री लेखकले संविधानले परिकल्पना गरेको मुलुकमा दिगो शान्ति र स्थायित्व कायम गर्दै राष्ट्रिय एकता, समुन्नति तथा समाजमा सद्भाव कायम राख्दै सबै मिलेर न्याय, समानता र समृद्ध नेपालको परिकल्पनालाई साकार पार्ने कार्यमा जुट्नुपर्नेमा जोड दिनुभयो ।

संविधानको रक्षा, सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण आजको राष्ट्रिय आवश्यकता हो भन्दै गृहमन्त्रीले सबैले सहमति, समन्वय र सहकार्यका माध्यमबाट संविधानको रक्षा गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्दै जानुपर्ने बताउनुभयो । उहाँले वर्तमान सरकार नागरिकको पक्षमा रहेको भन्दै कानुनी शासन स्थापना सरकारको पहिलो प्राथमिकता रहेको उल्लेख गर्नुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट संविधानले परिकल्पना गरेअनुसार मुलुकमा दिगो शान्ति स्थापना, सुशासनसहितको विकास र समृद्धिको यात्रालाई पूर्णता दिन सकिने धारणा राख्दै सरकार सोही बाटोमा दृढतापूर्वक लागेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “म सरकारको तर्फबाट पुनः प्रतिबद्धता व्यक्त गर्न चाहन्छु, मुलुकमा दिगो शान्ति, शुसान, विकास र समृद्धि स्थापना गर्ने विषयमा कुनैपनि बाधा, अवरोध र कठिनाइले रोक्ने छैन । हामी अविचलित रूपमा जनताका पक्षमा काम गर्दै अघि बढ्नेछौँ र सहिदका सपना सकार पार्नेछौँ ।”

गृहमन्त्रालय नागरिकको सुरक्षाको प्रत्याभूति गर्न, शान्ति, स्थिरता र विधिको शासन कायम गर्न निरन्तर क्रियाशील रहेको बताउँदै मन्त्री लेखकले मुलुकमा शान्ति सुरक्षाको प्रत्याभूति, अपराध नियन्त्रण तथा सामाजिक न्यायको प्रवर्द्धनमा सरकार निरन्तर लागिरहेने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय एकता, समुन्नति तथा समाजमा सद्भाव कायम राख्न सबै राजनीतिक दलबीच समन्वय र सहकार्य आवश्यक रहेकामा जोड दिँदै उहाँले लोकतन्त्रको रक्षा गर्दै सहिदहरूको बलिदानलाई सार्थक तुल्याउने कार्यमा सहकार्य गर्न सबैमा आह्वान गर्नुभयो ।रासस

## एचपिभी खोप अभियानः
# अभिनेत्री कोइरालालाई सद्भावनादूत घोषणा

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपिभी खोप अभियानका लागि वरिष्ठ अभिनेत्री एवं समाजसेवी मनिषा कोइरालालाई सद्भावनादूत घोषणा गरेको छ । मन्त्रालयले बुधबार यहाँ एक कार्यक्रम आयोजना गरी उहाँलाई सद्भावनादूत घोषणा गरेको हो ।

कार्यक्रममा अभिनेत्री कोइरालाले आफू क्यान्सरबाट पीडित भएर निको भएको बताउँदै निरोधात्मक पूर्वतयारी गरे पाठेघरको मुखको क्यान्सरबाट हुने जोखिमबाट बच्न सकिने उल्लेख गर्नुभयो । खोपको प्रोत्साहन गर्ने सामाजिक काममा सहभागी हुन पाउँदा गर्व महसुस भएको बताउँदै उहाँले यस अभियानमा सबैलाई हातेमालो गरेर अघि बढ्न आग्रह गर्नुभयो ।

सङ्घीय सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान यही माघ २२ गतेदेखि सुरु गर्दैछ ।

आगामी फागुन ६ गतेसम्म देशैभरि सञ्चालन हुने यस अभियानअन्तर्गत १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई एचपिभी खोप लगाइँदैछ ।

एचपिभी खोप लगाएमा पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित हुन सकिने र खोप प्रारम्भिक किशोर अवस्थामा लगाएमा प्रभावकारी हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस सन्दर्भमा प्रारम्भिक किशोरावस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउँछ ।



मन्त्रालयले यही माघ २२ गते (विश्व क्यान्सर दिवसका) दिन खोप अभियानको सुरूआत गर्ने जनाएको हो । नेपालमा औसतमा हरेक दिन छ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र चारजना महिलाहरूको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले जनाएको छ ।

> स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रुपमा नरहने अवस्थामा पुऱ्याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिनुभयो ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुऱ्याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिनुभयो । जसअनुसार १० देखि १४ वर्षसम्म उमेरका कम्तीमा ९० प्रतिशत किशोरीलाई एचपिभी खोप दिइने र ३० वर्षभन्दा माथिको उमेर समूहका कम्तीमा ९० प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिने उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार पाठेघरको मुखको क्यान्सर पहिचान भएका कम्तीमा ९० प्रतिशत महिलाको उपचार गरिने छ ।

यो वर्ष देशव्यापी रूपमा एचपिभी खोप अभियान सञ्चालन गरिँदैछ । यस अभियानमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपिभी खोप दिइनेछ ।

मन्त्री पौडेलले भन्नुभयो, “मुलुकलाई सबैखाले क्यान्सर मुक्त बनाउन उपचारात्मक मात्र होइन अब निरोधात्मक अभियानमा लागेका छौँ । धेरै मृत्यु हुने गरेको पाठेघरको मुखको क्यान्सरबाट महिलालाई जोगाउन यो अभियान सुरु गरेका हौँ ।”

एचपिभी खोप सेवालाई आगामी वर्षदेखि नियमित अभियानका रूपमा सञ्चालन गरिने मन्त्री पौडेलले जानकारी गराउनुभयो ।

अभियानअन्तर्गत विद्यालय जाने कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष एचपिभी खोप दिइने मन्त्रालयले जनाएको छ ।

एचपिभी खोपका लागि लक्षित गरेका अधिकांश किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा पनि मुख्यतः विद्यालय केन्द्रित हुनेछ । विद्यालयहरूमा खोप सेवा सञ्चालनपछि स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू तथा वडा कार्यालयबाट समेत यो खोप प्राप्त गर्न सकिने मन्त्रालयले जनाएको छ ।

यस वर्ष सञ्चालन हुने एचपिभी खोप अभियानमा १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार खोप दिने स्वास्थ्यकर्मीहरू करिब २७ हजार र स्वयम्सेवक ५४ हजारभन्दा बढी परिचालन हुनेछन् ।

खोप अभियानका लागि १७ लाख ७० हजार २० मात्रा एचपिभी खोप प्राप्त भएको जानकारी दिँदै उहाँले यो खोप प्रदेश तहमा पुऱ्याइसकिएको र अभियान सञ्चालन अगाडि सम्बन्धित स्वास्थ्य संस्थामा पुग्नेगरी खोप वितरण गरिने बताउनुभयो ।

अभियानका लागि गाभीबाट सहयोग र नेपाल सरकारको सहलगानी रहेको छ । हरेक वर्ष नियमित खोप कार्यक्रममा एचपिभी खोप समावेश गरी दिगो रूपमा खोप दिने लक्ष्य नेपाल सरकारले लिएको छ ।

मन्त्रालयले एचपिभी खोप सुरक्षित र प्रभावकारी रहेको र नेपालमा खरिद-आपूर्ति गरिने एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनले गुणस्तरयुक्त प्रमाणित खोप भएको जनाएको छ । नेपालमा खोप सञ्चालन गर्नका लागि औषधि व्यवस्था विभागले समेत अनुमति प्रदान गरेको छ ।रासस

# संसार हेर्ने अभिलाषा पूरा हुन लागेकामा महोत्तरीका ज्येष्ठ नागरिक मक्ख

महोत्तरी । ‘फेउर स जिनगीमे इजोत आयल’ (फेरि जीवनमा उज्यालो फर्क्यो) मोतियाविन्दुले टालिएको आँखाको शल्यक्रिया गर्नुभएकी बर्दिबास-१० खयरमारा मुसहरीटोलकी ६५ वर्षीया दुलारी सदा मुसहरले प्रसन्न हुँदै भन्नुभयो, ‘बुझलियै फेउर स हम पहिने सन देख पायब’ (बुझ्नुभयो, फेरि म पहिलेजस्तै देख्नसक्ने हुनेछु) ।

पछिल्ला १० वर्षयता मोतियाविन्दुले आँखा टालिदा अँध्यारो भएको संसार अहिलेको शल्यक्रियाले ज्योति फर्कने कुराले दुलारीको खुसीको सीमा छैन । देब्रे आँखाको शल्यक्रिया गरिएकी दुलारीको केहीपछि दाहिने आँखाको पनि गरिनुपर्ने चिकित्सकले सुझाएका उहाँले बताउनुभयो । केही दिनपछि नै आँखाको पट्टी हटाएपछि लगाउन कालो चश्मा पाउने कुरा पनि उहाँले बताउनुभयो ।



दुलारीजस्तै सोही वस्तीका ७० वर्षीय रामचन्दर सदा पनि आँखाको मोतियाविन्दु हटाउने शल्यक्रियापछि अब उज्यालो संसार देखिने आशले दङ्ग हुनुहुन्छ । “हेर्न्स हजुर, हामी गरिबले यो अवसर पाउनु भनेको भगवान् भेटेजत्तिकै हो”, नेपाली राम्रो बोल्न जान्ने रामचन्दरले भन्नुभयो, “सित्तैमा हामी मुसहरलाई यो मौका हतपत्त कहाँ जुर्छ र हजुर, यो जसले गराइदिनुभयो, उहाँलाई भगवान्ले हेरुन् ।” मुसहर मधेसमा स्वास्थ्य, शिक्षा, सामाजिक र आर्थिक अवसरबाट निकै पछि परेको अति सीमान्तकृत जाति समुदाय हो । दुलारी र रामचन्दरजस्ता अतिविपन्न परिवारका आँखाको समस्या समाधान गरिदिन अहिले बर्दिबास आँखा अस्पतालको पहलकदमीमा इम्प्रुभिङ्ग लाइभ्स इन नेपाल नामक संस्थाले आर्थिक स्रोत जुटाइदिएको हो । सोमबार र मङ्गलबार गरी एक सय जनाको आँखाको मोतियाविन्दुको जालो हटाउने शल्यक्रिया बर्दिबास जनसेवा अस्पतालमा सम्पन्न भएको छ । शल्यक्रिया गरिन आँखाका बिरामी यसपटक अत्यन्त गरिब वस्तीबाट परेका दुईदिने यो शिविरको बर्दिबास आँखा अस्पतालका तर्फबाट समन्वय गर्नुहुने मकुन्दप्रसाद पौडेलले बताउनुभयो ।

“आफ्नै आर्थिक स्रोतले आँखाको उपचार र शल्यक्रिया गराउनै नसक्ने अत्यन्त विपन्न परिवारका सदस्यले यसपालि अवसर पाएका छन्”, पौडेल भन्नुहुन्छ, “आँखाका बिरामीको सर्वेकै क्रममा अत्यन्त गरिब बस्तीमा मोतियाविन्दुका बिरामी भेटेपछि इम्प्रुभिङ्ग लाइभ्स इन नेपालसँग अनुरोध गरिएको हो, सो संस्थाले सदासयतापूर्वक प्रस्ताव स्वीकार गरिदिँदा एक सय जनाले आँखाको ज्योति पाएका छन् ।” दुईदिने शिविरमा शल्यक्रिया गरिनेहरू अधिकांश बर्दिबास-१०, ११ खयरमाराका अतिविकट चुरेकाछका बस्तीका गरिब परेका पौडेलले बताउनुभयो । खयरमारा बर्दिबास मुख्यचोकबाट ४० किलोमिटर दूरीमा पर्छ ।

“हामी भनिन त बर्दिबास नगरकै छौँ, तर बिरामी पर्दा हामीले पहिले पुग्ने ठाउँ ४० किलोमिटर छिचोलेर बर्दिबास चोक नै हो”, बर्दिबास-१० की ७० वर्षीया जानकी यादव भन्नुहुन्छ, “धन्न यी डाग्डरबाबुले हाम्रो सम्झना गरेछन् र आँखाको जालो हटाउने मौका पाइयो ।” सोही बस्तीका ७५ वर्षीय सुरज यादव पनि मोतियाविन्दुको शल्यक्रियापछि फेरि संसार देखिने आसमा दङ्ग हुनुहुन्छ ।

शिविरमा जिल्लाकै रामगोपालपुर, जलेश्वर र मनराशिशवा नगर क्षेत्रका मोतियाविन्दुका बिरामी पनि लाभान्वित भएका छन् । ‘सोच्ने नै छली जे मुनायल आँइखक पर्दा फेरु उघरत’ (सोचेकै थिइनँ, जालोले ढाकेको आँखाको पर्दा फेरि उघ्रला) रामगोपालपुर-४ की ६५ वर्षीया कमोधियादेवी बरही भन्नुहुन्छ, ‘दश साल स खेपी रहल अन्हारक पीडा आब सब भुलागेल’ (दश वर्षदेखि खेप्दै आइएको अँध्यारोको पीडा अब सबै बिर्सियो) ।

दुईदिने मोतियाविन्दु शिविरका लागि पहिलो चरणमा वस्ती चयन, दोस्रो चरणमा आँखा जाँच र तेस्रो चरणमा शल्यक्रियाको प्रबन्ध मिलाइएको बर्दिबास आँखा अस्पतालले जनाएको छ । तीनवटै चरणका लागि इम्प्रुभिङ्ग लाइभ्स इन नेपालले पाँच लाख ५० हजार रकम उपलब्ध गराएको अस्पतालका स्रोतव्यक्ति शिविरका समन्वयकर्ता पौडेलले जानकारी दिनुभयो ।

शिविरमा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा अर्जुन श्रेष्ठ नेतृत्वको सात सदस्यीय टोलीले शल्यक्रियाको काम सम्पन्न गरेको हो । शल्यक्रिया गरिनेहरूमा एक जना ५० वर्षमुनिका र बाँकी सबै यो भन्दा माथिका छन् । अहिले एउटा आँखाको शल्यक्रिया गरिएका धेरैजसोको अर्को आँखाको पनि शल्यक्रिया गरिनुपर्ने चिकित्सकको सुझाव छ । शल्यक्रिया गरिएका बिरामीमा ५५ पुरुष र ४५ महिला रहेका बर्दिबास आँखा अस्पतालले जनाएको छ ।रासस

# सहिद दिवस मनाइँदै




काठमाण्डु । प्रजातन्त्र स्थापना एवं पुनःस्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहूति दिने सहिदको सम्झनामा विविध कार्यक्रम गरी बुधबार सहिद दिवस देशभर मनाइँदै छ ।


विसं २००७ पछिदेखि नै प्रत्येक वर्ष माघ १६ गते सहिद दिवस मनाउने गरिएको छ । सहिदलाई प्रत्येक यस दिन सम्झना गरे पनि पूरा गर्न हुनुपर्ने जति काम नभएको गुनासो हुने गरेको छ ।

यस दिन हुने औपचारिक कार्यक्रममा जिम्मेवार अधिकारीहरुबाट सहिदको सपना पूरा गर्न लागि परेको प्रतिबद्धता भने निरन्तर आउने गरेको छ ।

माघ १० देखि १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ सहिद सप्ताह मनाउने घोषणा गरी विविध कार्यक्रम हुँदै आएको छ । विसं २०१२ देखि नै तत्कालीन काठमाडौँ नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते सहिदको सम्झनामा दिवस मनाउन थालिएको हो ।

स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौँको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभा भगवतीमा राणा शासकले मृत्युदण्ड दिएका थिए ।

माघ १६ गते बुधबार सहिद दिवसका अवसरमा बिहान शान्तिवाटिका रत्नपार्कदेखि सहिद स्मारक लैनचौरसम्म प्रभातफेरि कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ढर्रा परिवर्तन गर

देश र जनताका लागि प्राणको आहुति दिने शहीदको सपनालाई साकार तुल्याउनु गणतान्त्रिक सत्ता सञ्चालकको प्रमुख दायित्व हुनुपर्छ । यही क्रममा २०१२ सालदेखि औपचारिक रुपमा नेपालमा शहीद दिवस मनाउन थालिएको इतिहास छ । सामान्यतः शहीख दिवस सत्तादेखि सडकसम्म , शक्तिमा हुनेदेखि सर्वसाधारण सम्मलाई भावनात्मक रुपमा तरंगित गनुपर्ने हो तर यहाँ भने त्यस्तो हुँदैन । शहीद दिवस एक औपचारिक ढर्राले आउने , मनाउनेले मनाउने र सकिन्छ । शहीद दिवसप्रति सबैको सम्मान र राष्ट्रको गरिमासँग सम्बन्धित हनुपर्ने हो , शहीदको स्मरणले पनि दिवसको सार्थकता सिद्ध हुने थियो । तर शहीद शब्द , महत्व , गरिमालाई स्खलित गरी शहीद घोषणाको लहर सम्मान भन्दा पनि अपमानको श्रृंखलाले नागरिक सरोकारमा देखिएको ह्रास सोचनीय बनेको छ । मुख्य रुपमा नागरिक स्तरमा शहीदप्रतिको सम्मान , श्रद्धा व्यक्तः गर्ने कार्यक्रम , अभियान सञ्चालन नहुनु पनि त्यसकै पर्यायका रुप हुनु । वक्तव्यबाजी , सार्वजनिक बिदामा मात्र दिवसको सीमितता कुन किसिमको गन्तव्य , सम्मान हो ,गम्भीर प्रश्न उब्जेको छ । शहीद परिवारलाई लाखौं रकम दिने , पार्टीगत शहीदको सूची थपिने क्रम अपमान हो वा सम्मान , प्रश्न उठनुलाई बेवास्ता गर्नु पनि दिवसको महत्व, गरिमा घटनुको कारक हो । सान्दर्भिकतामाथि प्रश्न तेर्सिनुले पनि यी तथ्यहरुतर्फ ध्यानाकृष्ट हुन्छ । शहीद घोषणाको लहरका परिणाम वर्तमानसम्म कति शहीद छन् , त्यसको यकीन तथ्यांक पाउन पनि दुर्लभ भएको छ । शहीद दिवस नागरिकको चासो , सम्मानको विषय हुनुपर्नेमा सरकारी क्यालेण्डरमा सीमित हुँदे जानुतर्फ ध्यानाकृष्ट हुनु सबै पक्षका लागि संवेदनशील स्थिति देखिन्छ । प्राणको आहुतिभन्दा ठूलो त्याग केही हुनसक्दैन , देश , जनताको हितका लागि प्राणको आहुति दिनु महान कार्य हो । परिस्थिति , परिवेश ,उद्देश्यका लागि बलिदान गरेको देखिए पनि त्यसमा निहित साझा संकल्प पहिचान , दासत्वबाट मुक्ति , निरंकुशताको अन्त्य , समृद्धि , नातावाद , कृपावाद र चाकरीको अन्त्य , लोकतान्त्रिक सुशासन , संघीय गणतान्त्रिकको सपनालाई सार्थकता दिनु सत्ता सञ्चालकको दायित्व हुनुपर्छ । शहीद घोषणामा पनि दलीय भावको शिकार भएका दुर्गानन्द झासँग राज्य , प्रदेशले गरिरहेको विभेद पनि विचारणीय छ । प्रदेश सरकार मधेश आन्दोलनका सन्दर्भमा प्राणको आहुति दिने वर्षमा बलिदान दिवसका रुपमा सम्झिने गरेको छ । दुर्गानन्द झा निरंकुश राजा महेन्द्रमाथि बम प्रहार गरी गणतन्त्रको स्थापनार्थ प्राणको आहुतिलाई पनि विभेदीय दृष्टिमा ओझेल बनाउने खेल शहादतको अपमानजनक , घृणित सोच हो ।

# स्वास्थ्य बीमा : लक्षित वर्गले पाएनन् लाभ

**कालिका खड्का**

गोरखाको अजिरकोट गाउँपालिकामा दलित तथा विपन्नका लागि निःशुल्क स्वास्थ्य बीमा अभियान कार्यक्रम सञ्चालन गरेको छ । गाउँपालिकाभित्र सम्पूर्ण दलित तथा विपन्न समुदायलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने उद्देश्यले पालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रममार्फत आवश्यक बजेट विनियोजन गरेको छ ।

"स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका दलित तथा विपन्न घरपरिवारमा सहज स्वास्थ्य उपचार सेवा पुर्‍याउन पालिकाले करिब सात सय जनालाई निःशुल्क स्वास्थ्य बीमा गरिदिने कार्यक्रम अघि बढाएको छ",सो गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले भन्नुभयो, "अहिलेसम्म १ र २ नम्बर वडामा निःशुल्क स्वास्थ्य बीमा सम्पन्न भएको छ, हामीले आर्थिक रुपमा विपन्न र स्वास्थ्य गर्न पैसा नभएका व्यक्तिलाई बढी ध्यान केन्द्रित गरेका छौं ।" गाउँपालिकाले मुटु फाउण्डेशन साथै मनोज एशोसिएसन फ्रान्ससँगको साझेदारीमा निःशुल्क स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको हो ।

अजिरकोट गाउँपालिका जस्तै काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकाले पनि एक हजार सात सय ८० परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको छ । उक्त गाउँपालिकाले ६० वर्षदेखि ७० वर्षसम्मका स्थानीय परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गरेको हो । सो गाउँपालिका अध्यक्ष दिनेश लामाका अनुसार स्थानीय तीन हजार ७९ परिवारमध्ये दुई हजार छ सय ४८ घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । त्यसमध्ये ५४ जना पूर्ण अपाङ्गता भएका नागरिकको पनि निःशुल्क बीमा गरिएको छ भने तीन परिवारको महिला स्वयम्सेवीकाको ५० प्रतिशत सरकारले व्यहोर्ने गरी बीमा गरिएको छ ।

ज्येष्ठ नागरिक, दलित, विपन्न तथा सीमान्तकृत समुदायलाई निःशुल्क स्वास्थ्य गर्ने कानुनी तथा नीतिगत व्यवस्था छ । सोही नीतिगत व्यवस्थाअनुसार देशभरका स्थानीय तहमा स्वास्थ्य कार्यक्रम लागू भएको छ तर धेरै स्थानीय तहमा अहिले पनि उक्त कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन हुन सकेको छैन ।

दलित अधिकारकर्मी दुर्गा सोवलाई स्वास्थ्य कार्यक्रमबाट अलि टाठाबाठाहरु लाभान्वित भएको र विपन्न, दलित र सीमान्तकृत समुदायले यसको फाईदा लिन सकेका छैनन भन्ने लागेको छ । "स्वास्थ्य कार्यक्रम यस्तो हो भनेर बुझाउने निकाय नै छैन, लक्षित वर्गले पाएका छैनन"-उहाँले भन्नुभयो, "आर्थिक अवस्था कमजोर मानिसको प्राथमिकतामै पर्दैनन्, स्वास्थ्य गरिबहरुकै लागि बनाइएको हो ।"

स्वास्थ्य बीमा बोर्डको २०८१ असोज २२ गतेसम्मको तथ्याङ्कअनुसार दलित समुदायबाट छ लाख ६७ हजार ९६५ व्यक्ति र परिवारमा दुई लाख १८ हजार २३४ ले स्वास्थ्य बीमा गरेका छन् । तर नवीकरणको पाटोलाई हेर्ने हो भने दुई लाख नौ हजार ७६० व्यक्तिले मात्रै नवीकरण गरेका छन् भने परिवारमा एक लाख १४ हजार ४६२ ले गरेका छन् । स्वास्थ्य बीमाको उपयोग भने दुई लाख ६९ हजार ६९६ व्यक्तिले मात्र गरेको तथ्याङ्क छ ।

दलित अधिकारकर्मी भक्त विश्वकर्माले गरिबीको परिचयपत्र हुनेको स्वास्थ्य निःशुल्क भएको तर दलित विपन्न भएपनि नपाएको पाउनुभएको छ । "विपन्नले परिचयपत्र हुनेले स्वास्थ्य पाएका छन् तर विपन्न दलितले त्यो अवसर पाएका छैनन्", उहाँले भन्नुभयो, "लक्षित वर्गलाई कानुनले दिए पनि कतिपय राज्यका व्यवस्थाहरु नहुँदा र एक-दुई प्रतिशत धनी दलितलाई देखाएर दलितले त्यो अवसरबाट बञ्चित भएका छन् ।"

उहाँका अनुभवमा स्वास्थ्यबारे जनचेतना असाध्यै कमजोर भएको र स्थानीयस्तरमा एक आर्थिक वर्षमा स्वास्थ्य गरे पनि चेतनाको कमीका कारण नवीकरण नगर्नेको स~्या ठूलो रहेको छ । दलित तथा सीमान्तकृत समुदायले स्वास्थ्य बीमाको अवस्थाबारे एसिया दलित अधिकार मञ्च र समन्यायिक समाज नेपालले यसबारेमा काम गरिरहेको विश्वकर्माले जानकारी दिनुभयो । स्वास्थ्य कार्यक्रममा अस्पतालहरुले गर्ने सेवा प्रवाह सहज नभएको, देशभरका स्वास्थ्य अस्पतालबाट उक्त सेवा पनि पाउन नसक्दा स्वास्थ्य बीमाका सेवाग्राहीले सोचेअनुरुप लाभ लिन नपाएको उहाँको भनाइ छ ।

स्वास्थ्य बीमाबाट पाउने लाभ देशभरिका अस्पतालबाट नपाउने, निश्चित अस्पतालबाट मात्र लिनुपर्ने, शिक्षाको कमीका कारण सेवाग्राहीको कानुनले गरेको व्यवस्थाअनुसार पनि लाभ लिन पाएका छैनन् । स्वास्थ्य बोर्डका बागमती प्रदेश संयोजक मनोज पौडेललाई स्वास्थ्य सेवाको खर्चलाई परिवारले धान्न सक्ने अवस्थामा ल्याउन र आर्थिक जोखिमलाई न्यूनीकरण बीमा कार्यक्रम प्रभावकारी हो भन्ने लाग्छ ।

"स्वास्थ्य बीमाले जोखिम व्यवस्थापन, व्यक्ति, समुदाय र सरकार प्रत्यक्ष संलग्न, गुणस्तरीय स्वास्थ्य सेवा उपभोगको वकालत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउँछ", उहाँले भन्नुभयो, "सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने, जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण गर्छ ।"

स्वास्थ्य बोर्डका पूर्वअध्यक्ष डा सेनेन्द्रराज उप्रेतीलाई स्वास्थ्य बीमाको प्रावधानमा गरिब तथा विपन्न व्यक्तिलाई प्रिमियम नलिने वा छुट दिने प्रष्ट व्यवस्थालाई कार्यान्वयन गर्नुपर्छ भन्ने लाग्छ । "सीमान्तकृत, दलित, केही जनजातिलाई स्थानीय तहले पनि स्वास्थ्य बीमामा छुट वा सहुलियत दिने व्यवस्था पनि गरेको छ, स्वास्थ्यले दलित तथा सीमान्तकृतलाई कानुनी तथा नीतिगत रुपमा भएको छ", उहाँले भन्नुभयो, "त्यसका लागि सरकारले सबै जिल्लामा गरिबीको पहिचान गरिसकेको छैन, पहिचान नहुँदासम्म कार्यान्वयनमा कठिनाइ छ ।"

स्वास्थ्यबाट लक्षित वर्गले लाभ लिनका लागि देशभर गरिबीको पहिचान हुनुपर्छ । "आर्थिक अवस्थाअनुसार राहत दिने हिसाबले कानुनी व्यवस्था छ, अति विपन्नलाई सरकारले पूर्ण सरकारले तिर्ने व्यवस्था पनि छ, गरिबी पहिचान नै सबै जिल्लामा भइसकेको छैन", डा उप्रेतीले थप्नुभयो, "पहिलोपटक २६ जिल्लामा विपन्न नागरिक पहिचान भएको थियो, ती जिल्लामा नियमअनुसार विपन्न नागरिकले प्रिमियम पूर्ण छुट वा आधा छुटको व्यवस्था गरेको छ ।"




तत्कालीन गरिबी निवारण मन्त्रालयले पहिला २६ जिल्लामा गरिबी पहिचान गरेको थियो । त्यसका आधारमा सुविधा लिएकाछन्।"स्वास्थ्यमा लाभ लिन आउने लक्षित वर्गहरु पनि आफू म गरिब हो, छुट पाइन्छ भन्ने थाहा पाएर परिचयपत्र बोकेर आएको भन्छन्", उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, "त्यसरी आफैं आएको आधारमा सुविधा पाएका छन्, लक्षित वर्गको अध्ययन प्रभावकारी रुपमा भएको छैन, राज्यले आर्थिक रुपमा कमजोरको पहिचान गर्नु जरुरी छ ।"

सरकारले गरिबी पहिचान गरेर देशभर परिचयपत्र प्रदान गरेको छैन । वडाले गरिबीको परिचयपत्र दिने काम पनि भएको छैन । स्वास्थ्य गर्नाले तत्काल उपचारका लागि ऋण खोज्नुपर्ने अवस्थाको अन्त्य हुनुका साथै स्वास्थ्य उपचारमा सहज हुन्छ । स्वास्थ्य ऐन,२०७४ मा धेरै सहजरुपमा व्यवस्था गरेको छ ।

प्रचलित कानुनमा राष्ट्रसेवक मानिने व्यक्ति तथा बैदेशिक रोजगारीमा जाने कामदारको परिवारले स्वास्थ्य कार्यक्रममा आबद्ध हुनुपर्ने, नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ ।

वृद्धाश्रम, अनाथालय, बाल सुधार गृहलगायतका संस्थाहरूमा आश्रित व्यक्तिलाई स्वास्थ्य कार्यक्रममा आबद्ध गर्नु त्यस्तो संस्थाको व्यवस्थापकको कर्तव्य हुने व्यवस्था रहेको छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ । "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन", उक्त हकमा भनिएको छ, "प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ, प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।" धारा ४२ सामाजिक न्यायको हकमा आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । त्यस्तै, धारा ४३ मा सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिकरूपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ मा वित्तीय व्यवस्थापनलाई दिगो बनाई सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताका लागि कानुन तथा कार्यान्वयन निर्देशिका बनाई राष्ट्रव्यापी योजना लागू गरिने उल्लेख गरिएको छ । साथै असमर्थ तथा आर्थिकरूपले विपन्नलाई छुट दिने व्यवस्था गरिने व्यवस्था रहेको छ । नागरिकले मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गरिने, राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्था रहेको छ ।

स्वास्थ्य गर्दा बहिरङ्ग तथा आकस्मिक सेवा, निदानात्मक सेवा र एकहजार एक १८ औषधी पाउने व्यवस्था रहेको छ । त्यसमध्ये औषधि ७०, आयुर्वेद औषधि २५ वटा पाइन्छ । रु एक हजारसम्मको चश्मा, रु पाँच हजारसम्मका स्वास्थ्यसम्वन्धी सहायक यन्त्रहरु पाइन्छ । स्वास्थ्य बोर्डको तथ्याङ्कअनुसार हाल देशभर ४८२ स्वास्थ्य संस्थाले कार्यक्रम लागू गरेका छन् । अधिकांश सरकारी संस्थामा कार्यक्रम सञ्चालन गरिएको छ ।

मुख्यगरी, बिमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाउनु, सेवा प्राप्त गर्न लामो समय लाइन कुर्न बाध्य हुनु, गरेका र नगरेका बिरामीको सेवामा विभेद् हुनु, प्रथम सेवा बिन्दुबाट थप उपचारको लागि ठूला अस्पतालमा 'रिफर' गर्दा आवश्यक कागजातको व्यवस्था नहुनुजस्ता विषयले कार्यक्रमप्रति नागरिकको विश्वास बढ्न सकेको छैन ।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा सन् १८८३ मा जर्मनीले सामाजिक स्वास्थ्य कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो भने सन् १९४८ मा बेलायतमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको थियो । सुरुमा कामदारहरूलाई निःशुल्क स्वास्थ्य सेवा सुरु भएको हो । सन् १९७७ दक्षिण कोरियामा औद्योगिक मजदुरलाई केन्द्रित गरेर भएको थियो । नेपाल सरकारले २०७७ चैत १६ गतेदेखि ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो ।

विसं २०७२ मा गठन भएको स्वास्थ्य बोर्डमार्फत ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो । विसं २०७७ चैत २५ गते ताप्लेजुङ, दोलखा, बारा, सर्लाही, मनाङ र मुस्ताङमा स्वास्थ्य कार्यक्रम सुरु गरेकामा पछि काठमाडौं र ललितपुर जिल्लामा पनि लागू गरियो । स्वास्थ्य बार्डका अनुसार हालसम्म ८७ लाख ३२ हजार ९१२ स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।

# लौरेपालो गरेर हुर्काइएको 'राम्चेवन' पर्यटकीय गन्तव्य बन्दै

**सुशीला रेग्मी**

लौरेपालो शब्द अहिले कतै सुनिँदैन । यो शब्द सुन्दा आश्चर्यजनक लाग्छ । लौरेपालेको जीवन्त कथा जोडिएको छ, राम्चे सामुदायिक वनसँग । पाल्पाको रामपुर नगरपालिका-५ मा रहेको राम्चे सामुदायिक वनको नाम लिँदा लौरेपालोको रोचक स्मरण उपभोक्तामा ताजै छ । तर अहिले लौरेपालेको चलन यहाँ छैन ।

वनले नयाँ स्वरुप धारण गरेर एउटा पर्यटकीय केन्द्रको रुपमा विकसित बनेको छ । अहिले यहाँको पर्या-पर्यटनले पर्यटकलाई आकर्षित बनाएको छ । रामपुरको केन्द्र भागमा अवस्थित रहेकाले हराभरा, पर्यटक लोभ्याउने वनको दृश्यले मनलाई आनन्दमय बनाइरहेको हुन्छ । पर्यटनको गहना बनेको राम्चेवन अहिले उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनेको देख्न पाउँदा खुसी हुनुहुन्छ, ७४ वर्षीय नगिलाल पौडेल । उजाड नाङ्गो डाँडोलाई स्थानीयवासीले संरक्षणमा जोड दिएकाले वनको शीतलता, स्वच्छ हावापानी उपभोग गर्न, पर्यटकीय विकासको रुपमा उपभोग गर्न पाइँदैनथ्यो, एउटा पर्यटक घुम्ने मात्र भई यहाँ प्राकृतिक वस्तुको अध्ययन अवलोकन गर्ने, प्रकृतिको संरक्षण गर्ने थलो बनेको पौडेल बताउनुहुन्छ ।

"अवलोकन गर्न लायकको नमूना बनेको छ, आफ्नै जीवनकालमा नाङ्गो डाँडोको रुपमा देखेको वन अहिले यति धेरै परिवर्तन देख्न पाउँदा म एउटा भाग्यमानी उपभोक्ता हुँ भन्ने आफैँलाई गर्व महसुस भएको छ", उहाँले भन्नुभयो, "२०३९ सालमा उजाडिएको नाङ्गो डाँडो मात्रै थियो, रुख बिरुवा लगाएर यसलाई हराभरा बनाएर भविष्यमा एउटा नमूना वन बनाउन सकिन्छ भनेर स्थानीय बासिन्दा लागेपछि अहिले आफ्नै जीवनकालमा परिवर्तन देख्दा गरे के नहुने रहेछ र ?", उहाँले भन्नुभयो ।

स्थानीयको सक्रियतामा २०३९ सालदेखि वन संरक्षणको प्रयास थालिएको हो । त्यस समय वनको संरक्षणका लागि पञ्चायत समितिमा रहेर काम गर्नुभएका पौडेलले सामुदायिक वनको रुपमा दर्ता भएपछि समिति, उपाध्यक्ष, अध्यक्ष पदमा विभिन्न समयमा सक्रियताका साथ सेवा गर्नुभयो । स्थानीयले संरक्षण नगरेको भए यो वन नाङ्गै डाँडा रहन्थ्यो । उहाँ भन्नुहुन्छ, "चरिचरन गर्न जङ्गलतिर गएका पशु नाङ्गो डाँडोमा छर्लङ्ग देखिन्थे, गाईबाख्रा माथितिर पठाएर हामी तल फाँटमै बसेर हेरिन्थ्यो, अहिले भने घनाघोर, हराभरा, पर्यापर्यटनको रुपमा वन विकास भएको छ, संरक्षणमा उपभोक्ता सबै सचेत छन् ।"

करिब एक सय दुई हेक्टर क्षेत्रफलमध्ये पाँच हेक्टर क्षेत्रफल पर्या-पर्यटन क्षेत्र छुट्टाएर पर्यटकीय पूर्वाधार विकासका कार्यहरु गरिरहेको वन उपभोक्ता समूहका अध्यक्ष दयाराम गैरेले बताउनुभयो । जिल्ला डिभिजन वन कार्यालयको सहयोगमा दृश्यावलोकन (भ्युटावर) स्तम्भ, वनभोज गर्ने स्थान, शौचालय, रुखघर, झुला, पानीको फोहोरा, रामसीता र हनुमानको मूर्ति, प्रतीक्षालय, खानेपानीको सुविधा, पक्की पैदलमार्ग, फूलवारी तयार पारिएको अध्यक्ष गैरेले बताउनुभयो ।

करिब तीन सय ५० जना अट्ने क्षमताको सभाहल रहेको छ । यहाँ विभिन्न सङ्घसंस्थाको सभा, समारोह, गोष्ठीजस्ता कार्यक्रम हुने गरेको छ । उहाँका अनुसार पर्यटकीय क्षेत्रमा दिनमा एक सय बढी अवलोकन गर्न आउने गर्छन् । शनिबार र बिदाको दिन धेरै भीड हुने गर्दछ । हाल भ्युटावर क्षेत्र प्रवेश र पर्या-पर्यटन क्षेत्र रेखदेखका लागि वन समूहबाट हेरालु राखिएको छ । "रामपुरको बजार नजिकै भएकाले यस क्षेत्रमा पछिल्लो समय धेरै टाढाबाट घुमघाम तथा वनभोज गर्न आउने क्रम बाक्लिदै गएको छ, तल बाक्लो वस्ती भएकाले दिउँसो र साँझको समय वनको शीतलता खोज्न आउनुहुन्छ", अध्यक्ष गैरेले भन्नुभयो ।

बेभ्फाड बजारदेखि सजिलै साना तथा ठूला गाडीमा पुग्न सकिने भएकाले अहिले राम्चेवन धेरैको रोजाइमा पर्छ । यहाँको प्राकृतिक वातावरणमा घुमेर मनलाई आनन्दित पार्न युवा समूहको आकर्षण अझ बढ्दो पाइन्छ । रामपुरको मुख्य बजार बेभ्फाड बजारदेखि करिब दुई सय ५० मिटर माथि पर्छ । गत वर्ष वनको स्रोतबाट दुईवटा झुला, रुखघर, रामसीता र हनुमानको मूर्ति निर्माण कार्य गरिएको छ ।

वनभित्र साल, चिलाउने, साज, साज, जामुनो, अमला, सर्पगन्ध, हर्रोबर्रोजस्ता प्रमुख प्रजाति छन् ।



यहाँ मृग, कालिज, कुखुरा, बाघजस्ता वन्यजन्तु छन् । प्रत्येक उपभोक्ताबाट वनको हेरचाह, रेखदेख भइरहेको छ । वन समूहमा हाल तीन सय २१ घरधुरी संख्या रहेको छ । सरकारले पर्यावरण र पर्यटन प्रवर्द्धनका लागि 'एक सामुदायिक वन एक उद्यान' कार्यक्रम अगाडि सारेकाले पनि सोही अनुरुप यस राम्चे सामुदायिक वनले धमाधम पर्यटकीय क्षेत्र विकासका काममा जोड दिएको छ ।

विसं २०५४ देखि वनभोजस्थलका रुपमा विकास गर्न थालियो । वनमा पर्यापर्यटनको उद्देश्यले २०६५/६६ देखि वनभोजका रुपमा निकै चहलपहल हुँदै गयो । २०७२ मा दृश्यावलोकन स्तम्भ सञ्चालनमा आएपछि पर्यटकको थप आकर्षण बढ्दै जान थाल्यो । रामपुर उपत्यका, स्याङ्जाको चापाकोट, तनहुँको घिरिङ्ग क्षेत्रलगायतका विभिन्न कालीगण्डकी बेँसीको उपत्यकाको वारिपारिको दृश्य यहाँको पाँच तलाको दृश्यावलोकन स्तम्भबाट छर्लङ्ग देख्न सकिन्छ ।

विसं २०१३ मा वनहरु सरकारीकरण भएपछि वन मासेर जग्गा बनाउने काम भएकाले २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि नयाँ वन ऐन २०४९ तथा वन नियमावली २०५१ अनुसार सामुदायिक वन दिने भनी व्यवस्था भएअनुरुप वनलाई विधिवत रुपमा समुदायमा हस्तान्तरण गरी संरक्षण र उपभोग गर्न पाउने नीतिका साथमा उपभोक्ता समूह दर्ता भएको हो । विसं २०३०/३२ देखि राम्चे वनको अवधारणा आएको हो । तत्कालीन रामपुर गाउँ पञ्चायतले राम्चे वनलाई संरक्षण गर्नुपर्छ भन्ने धारणा ल्याएर वडाको कार्यालय सहयोगी खटाएर वनको रेखदेख गर्न थालियो । विसं २०४७ मा सामुदायिक वनका रुपमा हस्तान्तरण गरिएपछि धेरै सुधार हुँदै हराभरा बन्न सकेको छ ।

जङ्गली जनावरको डर, त्रास, आक्रमण सहेर आफूले दैनिक सेवा गरेर हुकाईएको वनमा हिजोआज वनभोज, घुमघामका लागि पर्यटक भित्रिदा रमाइलो अनुभूति गर्नुहुन्छ, ८० वर्षीय चन्द्रकला नेपाली । जीवनको धेरै समय उहाँले वनको रेखदेखको जिम्मेवारी लिएर बिताउनुभयो । साना बिरुवा अहिले बढेर ठूला भएको देख्दा आफूले जन्माएको सन्तान हुर्काए सरह नै वनप्रति माया बसेको उहाँले सुनाउनुभयो । "बिहान ४ बजे उठेर वनको रेखदेख गर्न जान्थैं, जङ्गली जनावरको डर हुन्थ्यो । चितुवा, बाँदरलगायतका जनावरको आक्रमणबाट बचेर घर फर्केका दिन धेरै छन्, दैनिक सबै वन हेरेर घर फर्कदा साँझ रात पर्थ्यो, निकै दुःख गरेर हुर्काएको वन अहिले यति धेरै परिवर्तन र ठूलो वन बनेको देख्दा खुशी लागेको छ" उहाँले भन्नुभयो ।

### वन समूहको आयस्रोत

वनमा उत्पादन भएका दाउरा, काठपात बिक्री नै आयस्रोत रहेको छ । साथै पर्या-पर्यटनबाट पनि वनले आयआर्जन गरिरहेको छ । काठपात, दाउराबाट वन समूहले वार्षिक रुपमा सरदरमा रु छ लाख बराबरको आयआर्जन हुने गरेको छ । गतवर्ष मात्रै काठपात, दाउरा बिक्री गरेर रु नौ लाख आम्दानी गरेको जनाइएको छ । वार्षिक रुपमा पर्या-पर्यटन, सभाहल, वनभोजबाट करिब रु एक लाख आम्दानी हुने गरेको छ । विपन्न वर्गको आयस्तर उकास्न करिब दुई हेक्टर क्षेत्रफलमा अम्रिसो, घाँसपात लगाइएको छ । यसबाट विपन्न व्यक्तिले आयआर्जन गरिरहेका छन् । नयाँ उपभोक्ता सदस्य बन्न चाहनेको हकमा उपभोक्ता समितिले निश्चित मापदण्ड तोकेको छ । एकाघर परिवारबाट छुट्टाभिन्न भएका सदस्यलाई सामान्य शुल्क रु तीन सय तोकिएको छ भने नयाँ उपभोक्ता बन्नेलाई हाल रु २५ हजार प्रवेश शुल्क बुझाउनुपर्नेछ ।

### हाल वनको अवस्था

उपभोक्ता समितिले संरक्षण गरेका सालका रुख हर्लक्कै हुर्केका छन् ।

# उद्यमशीलताबाट रोजगारी सिर्जना गर्नु अहिलेको आवश्यकता: सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गाउँ-गाउँमा स्थानीय उद्यमशीलताको विकास गर्दै आत्मनिर्भरता र रोजगारी सिर्जना गर्नु अहिलेको आवश्यकता भएको बताउनुभएको छ ।

कांग्रेसको उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागले बुधबार आयोजना गरेको 'नेपाल स्टार्ट अप र साना तथा मझौला व्यवसाय सम्मेलन'को उद्घाटन समारोहमा उहाँले गाउँ तहदेखि उद्यमको विकास हुँदै जाँदा सानो लगानीले पनि रोजगारी र आत्मनिर्भरतामा सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो ।

"पछिल्लो समय 'स्टार्ट अप' व्यवसायतर्फ आकर्षण बढ्दो छ, युवा पुस्ताले थोरै लगानीमा पनि सिर्जनात्मक ढङ्गले काम गर्ने प्रयास गर्दैछन्, यस्ता उद्यम सञ्चालन गर्न सहुलियतपूर्ण ऋण, तालिम, सीप विकास र विशेष अनुदान पनि आवश्यक पर्छ", सभापति देउवाले भन्नुभयो, "व्यवसायमा टिक्नका लागि उद्यमीले धैर्यसँगै निरन्तरता दिनुपर्ने भएकाले सरकारको साथ, समर्थन र संरक्षकत्व अपरिहार्य हुन्छ, थोरै लगानीमै 'स्टार्ट अप' व्यवसायलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने हो भने रोजगारीमा क्रान्ति ल्याउन पनि सकिन्छ ।"

योसँगै बहुसम्भावनाका क्षेत्र कृषि, वन, जडीबुटी, पर्यटन, प्रविधिजस्ता क्षेत्रको समुचित विकासमा विशेष ध्यान दिनसके मुलुकको आर्थिक अवस्था उकास्न ठूलो टेवा पुग्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "उद्यमी, व्यापारी, व्यवसायीले भोग्नुपरेका कानुनी तथा प्रक्रियागत झन्झट अन्त्य गर्दै व्यवसायमा सहजीकरण गर्न हालसालै सरकारले कानुन ल्याएको छ, यो कानुनले यस क्षेत्रको सुधारमा आवश्यक सहयोग पुग्ने विश्वास लिएको छु ।"

मुलुकको समुन्नतिका लागि राज्यको ध्यान पुग्नुपर्ने अर्को विषय सूचना प्रविधि भएको बताउँदै सभापति देउवाले यी सबै कार्य गर्न राजनीतिक स्थिरतासँगै प्राकृतिक स्रोत, मानव संशाधन, पुँजी र प्रविधिको सन्तुलित र समन्वयात्मक विकास हुनुपर्नेमा जोड दिनुभयो । "यहाँ हुने विभिन्न नवीनतम उत्पादन, सेवाहरुको प्रदर्शनीले स्थानीय उद्यमशीलतालाई प्रोत्साहन गर्दै लगानीकर्तालाई पनि अवसरका लागि प्रेरणा मिल्ने छ, बेरोजगारी समस्यामा पिरोलिएका युवा जमातमा स्वरोजगारको नयाँ ढोका खोल्नेछ", सभापति देउवाले भन्नुभयो, "नवप्रवर्तन र उद्यमशीलताका माध्यमबाट विश्वव्यापी मन्दीको मारमा परेको मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउनसमेत टेवा पुग्ने मेरो विश्वास छ ।"

उहाँले यस सम्मेलनको छलफलबाट आएका निष्कर्षबाट एउटा कार्ययोजनाको खाका तय गर्न पार्टीलाई मात्र नभई सरकारलाई पनि मार्गदर्शन गर्ने अपेक्षा गर्नुभयो । "सम्मेलनको निष्कर्षबाट प्रतिवेदन र पुस्तक तयार गर्ने, उद्यमशीलता र आर्थिक वृद्धिमा योगदान दिने युवाहरुको नेटवर्क निर्माण, नीतिगत सुधार र प्रदर्शनीमार्फत स्थानीय उत्पादनको प्रचार-प्रसार एवं बिक्रीमा वृद्धि गर्नेलगायत जुन लक्ष्य राखिएको छ, सबैको प्रयासबाट अपेक्षित परिणाम हात लाग्ने नै छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा विभागका संयोजक उर्मिला थपलियाले सम्मेलनले नेपालको डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र साना उद्यमीलाई प्रोत्साहन गर्नका योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "दुई दिनसम्म सञ्चालन हुने यो सम्मेलनले विभिन्न क्षेत्रका सिकाइ, अनुभव र विचारबाट एक अर्कामा ज्ञानको प्रवाह हुने र युवा उद्यमी एवं नयाँ पुस्ता जोडिँदा पार्टीलाई समेत टेवा पुग्नेछ ।"

बुधबार र बिहीबार गरी नवप्रवर्तन र उद्यमशीलताद्वारा आर्थिक रुपान्तरणलगायतका विभिन्न छ विषयमा विभिन्न समूहगत छलफल हुनेछन् । सम्मेलनको निष्कर्षबाट प्रतिवेदन र पुस्तक तयार गर्ने, उद्यमशीलता र आर्थिक वृद्धिमा योगदान दिने युवाहरुको नेटवर्क निर्माण, नीतिगत सुधार र प्रदर्शनीमार्फत स्थानीय उत्पादनहरुको प्रचार-प्रसार एवं बिक्रीमा वृद्धि गर्नेलगायत लक्ष्य राखिएको छ ।रासस

## राजनीति नाफामुखी व्यवसाय हुनु हुँदैनः

# राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामी

काठमाण्डु । विसं २०६२/६३ को जनआन्दोलन र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को सशस्त्र युद्ध (जनयुद्ध)को बलमा नयाँ संविधान जारी भइसकेपछि राष्ट्रको प्राथमिकता आर्थिक विकास र समृद्ध नेपाल निर्माणमा हुनु पर्दथ्यो । त्यसका लागि संविधान कार्यान्वयनसँग सम्बन्धित ऐन, कानुन निर्माण र समृद्ध राष्ट्र निर्माणका लागि साझा दृष्टिकोण बनाएर सबैको ध्यान केन्द्रित गर्नुपर्ने थियो । तर राजनीतिक परिस्थिति भने सत्ता सङ्घर्षतिर नै केन्द्रित भइरहेको छ । प्राथमिकता एकातिर, ध्यान अर्कातर्फ भइदिँदा जनअपेक्षा पूरा हुनसकेका छैनन् । राष्ट्रिय पार्टीहरूको सुझबुझ राम्रो भएन भने देशले अप्ठ्यारो परिस्थिति भोग्नुपर्ने हो कि भन्ने देखिन्छ । दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको सहमतिअनुसार संविधान संशोधन गरी तत्काल अघि जान सक्ने स्थिति पनि बनेको देखिँदैन । संसद्को अधिवेशन आह्वान गर्ने समय नजिकिँदै गर्दा अध्यादेशहरू जारी गरियो । राजनीतिक अस्थिरता र सत्ताकेन्द्रित बहसले परिवर्तनका लागि एउटै मोर्चामा रहेका दलहरूबीचको हार्दिकतालाई कमजोर तुल्याएको छ । यस्तो परिस्थितिले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउन उपयुक्त वातावरण सृजना गर्न सकिएको छैन । पछिल्लो समय राजस्व सङ्कलन घटेको छ । वैदेशिक सहायता पनि क्रमशः घट्ने देखिन्छ । राजस्वबाट नियमित खर्चको व्यवस्थापन पनि नहुने अवस्थाबाट देश गम्भीर सङ्कटतर्फ जाँदैछ भन्ने अनुमान गर्न सकिन्छ ।



सांसद गोपीबहादुर अछामीको परिचय
विसं २०४६ को जनआन्दोलनमा नेपाल विद्यार्थी संघबाट राजनीतिमा प्रवेश गर्नुभएका राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामी २०४८ सालबाट अखिल नेपाल विद्यार्थी युनियनमा आबद्ध हुनुभयो ।

संविधानले अङ्गीकार गरेको निर्वाचन प्रणाली र शासकीय स्वरुपले कुनै पनि दलले संसद्मा एकल बहुमत ल्याउने देखिँदैन । दलहरू पनि सत्तामा रहँदा एउटा र बाहिर हुँदा अर्को ढङ्गले प्रस्तुत हुने प्रवृत्ति छ । प्रतिपक्षमा रहँदा जनताका आवाज बुलन्द गर्नेले सत्तामा पुगेपछि राष्ट्र र जनताको पक्षमा आफ्नो जिम्मेवारी पूरा गर्ने र जनपक्षीय काम निरन्तर गरे हुन्थ्यो, त्यो देखिन्न । यही कारण दलहरूप्रति आमजनतामा अविश्वास बढेको, निराशा थपिएको र विवादको वातावरण सृजना गरेको छ ।

संविधान जारी भएपछि तीन वर्षभित्र धेरैवटा कानुन तर्जुमा गरिनुपर्नेमा दशक पुग्न लाग्दा पनि सुरक्षा, शिक्षा, निजामती सेवा समेतका कैयौँ कानुनहरू बन्न सकेका छैनन् । हामी विधायिकी भूमिकामा जसरी लाग्नुपर्ने हो, त्यसरी लागेनौँ, लाग्न सकेनौँ र लाग्ने परिस्थिति बनेन भन्ने मेरो निष्कर्ष छ । हामीले समय त्यत्तिकै अनावश्यक कार्यमा व्यतित गरिरहेका छौँ । यसबाट राष्ट्र र जनताप्रति घात भइरहेको छ । यद्यपि, राष्ट्रियसभामा दर्ता भएका विधेयकमाथि छलफल, संशोधन र पारित गरी पठाउने कार्य प्रभावकारी रूपमा अघि बढाएका छौँ । यो चार-पाँच वर्षमा जति गर्न सक्थ्यौँ, त्यति गर्न सकेनौँ । राष्ट्रियसभा र प्रतिनिधिसभाले पर्याप्त समय दिएर विधायिकी भूमिका र विधि निर्माणको कामलाई व्यवस्थित गर्नेभन्दा पनि कुर्सीको लडाइँमा राजनीतिलाई केन्द्रित र दबाब दिने काम गरियो भन्ने लाग्छ ।

यो परिस्थिति आउनुमा कुनै दल र नेता विशेष होइन, प्रणालीको दोष हो भन्ने मेरो बुझाइ छ । संविधानमा राखिएको शासकीय प्रणालीमा जे व्यवस्था गरियो, त्यो अव्यावहारिक भएकाले अब प्रणालीलाई सुधार्नुपर्ने खाँचो छ । विधायकलाई विधि निर्माणमा केन्द्रित गर्ने वातावरण पनि बनाउनुपर्छ । अन्यथा खर्चिलो चुनाव, सांसद् र मन्त्री बन्ने दौड तथा आर्थिक स्रोतको व्यवस्थापनमा ध्यान दिनुपर्दा कानुन निर्माण ओझेलमा पर्न गयो । सशस्त्र क्रान्ति, शान्तिपूर्ण जनआन्दोलन, मधेस आन्दोलनको भावना प्रतिनिधित्व होस् भनेर दलहरूबीचको सहमतिका दस्तावेजका रूपमा संविधान आएको हो । माओवादी केन्द्रले उठाएका कतिपय मुद्दा संविधानमा समेटिएका छैनन्, मधेस आन्दोलनका भावना र अन्य पार्टीका एजेण्डा पनि सोही रूपमा रहेका छन् । शान्ति प्रक्रियालाई संस्थागत गर्नेगरी राजनीतिक पार्टीबीचमा सहमति भएर बनेको संविधान हो । प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थाले एक प्रकारको स्थायित्व दिन सकिन्छ भन्ने लाग्छ । अर्को, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र विज्ञ केन्द्रित चुस्त र सानो मन्त्रिमण्डल बनाउनुपर्छ ।

स्थानीय तहमा प्रत्यक्ष निर्वाचित कार्यकारीको अभ्यासले राम्रो नतिजा दिएको छ । त्यसबाट जनताले थोरै भए पनि राहत महसुस गरेका छन् । प्रदेश र सङ्घलाई पनि त्यो ढाँचामा लगेर राजनीतिक स्थायित्व दिनुपर्छ । भ्रष्टाचार बढ्नुमा प्रणालीको पनि दोष छ । खर्चिलो निर्वाचन प्रणाली सुधार्नुपर्छ । नैतिकवान र सिद्धान्तनिष्ठ कार्यकर्ताले निर्वाचन जित्न सक्ने अवस्था छैन । निर्वाचनका लागि व्यापारी र ठेकेदारबाट चन्दा लिएर लड्नुपर्ने अवस्था छ । चुनाव जितेपछि खर्च उठाउनतर्फ जाँदा भ्रष्टाचारलाई मलजल भएको छ । उम्मेदवारका सन्दर्भमा सबै पार्टीभित्रको इमान्दार, आन्दोलन र पार्टीप्रति प्रतिबद्ध नेता कार्यकर्ताको छनोट गर्न सकिन्छ । राजनीति मुलतः सेवा हो, तर त्यो अहिले देखिन्न । अहिले राजनीति नाफामुखी व्यवसाय भएको छ । परम्परागत कर्मचारीतन्त्रको मनोवृत्ति र कानुनी जटिलता, सामाजिक मनोविज्ञानले राजनीतिलाई 'कर्पोरेट हाउस'को बिजनेसजस्तो बनाएको छ । विश्वमै यसखालका प्रवृत्ति देखापरेका छन् । यसलाई नसुधार्ने होभने जनता केन्द्रित राजनीति समाप्त हुन्छ ।

सूचना र प्रविधिका क्षेत्रमा आएको विकाससँगै विश्वव्यापीकरणले संसारका जुनसुकै घटना क्षणभरमै थाहा पाइन्छ । नयाँ पुस्तामा त्यस्ता सूचनाको प्रभाव, मेहनत कम, परम्परागत असल अभ्यास कमी र ज्ञानको पुस्तान्तरण हुन नसक्दा युवापुस्ता विदेशतर्फ आकर्षित भइरहेका छन् । देशमै केही हुन्छ कि भन्ने आशा, नेतृत्वप्रतिको विश्वास र भरोसा क्रमशः घट्दै गइरहेको छ । विदेशिएका युवाको अनुभवबाट अन्य युवालाई पनि विदेशिन प्रेरित गरिरहेको छ । मुलुकमा भएका स्रोतसाधनको उचित व्यवस्थापन गरी युवालाई स्वदेशमै परिश्रम गर्ने वातावरण राज्य, सरकार र राजनीतिक दलले बनाउनुपर्छ । त्यसका लागि तीनै तहका सरकार र जनप्रतिनिधिहरूले इमान्दारीपूर्वक जनता र राष्ट्रको पक्षमा काम गर्ने होभने जनतामा आशा जगाउन सकिन्छ । देश र जनताका हितका लागि नराम्रो नगर्ने, सकेजति राम्रो गर्ने प्रण गरेको छु ।

सांसद गोपीबहादुर अछामीको परिचय

विसं २०४६ को जनआन्दोलनमा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिमा प्रवेश गर्नुभएका राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामी २०४८ सालबाट अखिल नेपाल विद्यार्थी युनियनमा आबद्ध हुनुभयो । तत्कालीन नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा सञ्चालित जनयुद्धमा सुरुआतदेखि नै सहभागी हुनुभएकाउहाँ सिन्धुलीको जिल्ला कमिटी सदस्य, २०६४ सालमा संविधानसभा सदस्य, २०६९ मा खेलकुद राज्यमन्त्री, पार्टी केन्द्रीय समिति सदस्य हुँदै राष्ट्रियसभामा माओवादीको प्रमुख सचेतकको जिम्मेवारीमा हुनुहुन्छ । श्री अछामी हाल मोरङलाई कर्मक्षेत्र बनाएर सक्रिय हुनुहुन्छ । हाल उहाँ राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सदस्य हुनुहुन्छ ।रासस

# सहिदको बलिदानीबाट परिवर्तनका लागि काम गर्ने सौर्य प्राप्त हुन्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सहिदहरुको बलिदानको प्रेरणाबाट परिवर्तनका लागि काम गर्ने सौर्य प्राप्त हुने बताउनुभएको छ ।

राष्ट्रिय सहिद दिवस, २०८१ का अवसरमा बुधबार नेपाल सरकारद्वारा सिंहदरबार परिसरमा आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले राणा शासनको अन्त्यका लागि र विभिन्न कालखण्डमा लोकतन्त्रका लागि सङ्घर्ष गरेर बलिदान दिएका महान् सहिदहरुले देशका लागि दिएको योगदान महत्वपूर्ण भएको बताउनुभएको हो ।

प्रधानमन्त्री ओलीले सहिदहरुकै बलिदान र प्रेरणाबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति भएको र यस प्रणालीमा सम्पूर्ण शक्तिको स्रोत सार्वभौम जनता भएको उल्लेख गर्नुभयो । उहाँले यस प्रणालीलाई सबल र दिगो बनाउन आफूहरु लागि परेको जनाउँदै वास्तविक र पूर्ण लोकतन्त्रका लागि जनताका प्रतिनिधिले त्यस भावनाका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राजनीतिक प्रणालीमा परिवर्तन भइसकेकाले अब तानाशाही शासनसत्ताको बचाउका लागि शान्तिपूर्ण आन्दोलनमा लागेकालाई हत्या गर्ने त्यस प्रकारको शृ≈ला अन्त्य भएको बताउनुभयो । उहाँले अहिले लोकतान्त्रिक प्रणाली र प्रक्रियाको रक्षाका लागि न्यायोचित कानुनबमोजिम समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्यमा वर्तमान सरकार स्पष्टरुपमा अघि बढिरहेको जनाउनुभयो ।

"हामीले लामो सङ्घर्षबाट लोकतन्त्रको स्थापना गरेका छौँ ।

लोकतन्त्र भनेको अराजकता होइन । यो विकसित, सभ्य र सुशासनयुक्त प्रणाली हो । यदि व्यवस्थामा वा शासकहरुमा कुनै परिवर्तन गर्नुछ भने लोकतान्त्रिक बाटा र विधिबाट गर्न सकिन्छ तर लोकतन्त्रका नाममा देशलाई विभाजित गर्ने र विकासलाई अवरोध सृजना गर्ने कार्य स्वीकार्य हुन सक्दैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "देशको रक्षा, विकास र सुशासनका लागि यो सरकार अगुवाइ गर्न तत्पर रहेको छ । हामी सहिदले देखाएको मार्गमा सधैँ अविचलित रहनेछौँ ।"

कार्यक्रममा प्रतिनिधिसभाका उपप्रधानमन्त्रीहरु, मन्त्रीगण, प्रतिनिधिसभाका उपसभामुख, प्रधानमन्त्रीका मुख्य सल्लाहकार,सरकारका मुख्यसचिव, प्रधानसेनापति, सचिवहरु र विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो ।

यसअघि प्रधानमन्त्री ओलीले लैनचौरस्थित सहिद स्मारक र सहिदगेटमा पुगेर सहिदप्रति सम्मान प्रकट गर्नुभएको थियो । नेपाल सरकार (मन्त्रिपरिषद्) को मङ्गलबारको बैठकले यस दिवसलाई राष्ट्रियस्तरमा मनाउने निर्णय गरेको थियो ।रासस

# समावेशी आधारमा न्यायाधीश नियुक्ति गर्नेछौँ: कानुनमन्त्री




काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समावेशी आधारमा न्यायाधीश नियुक्ति प्रक्रियालाई अगाडि बढाउनेमा बताउनुभएको छ ।

नेपाल बार एशोसिएसन र युवा कानुन व्यवसायी सरोकार समाजद्वारा बुधबार आयोजित पहिलो युवा कानुन व्यवसायी सम्मेलनको पहिलो सत्रलाई सम्बोधन गर्दै उहाँले न्यायाधीश नियुक्तिको क्रममा समावेशी आधारलाई जोड दिने उल्लेख गर्नुभयो ।

मन्त्री चौरसियाले युवा कानुन व्यवसायीहरूको पेसागत सुरक्षा र हकहितका लागि काम गर्न सरकार तयार रहेको जानकारी दिनुभयो । "न्यायिक सुधारका लागि कानुन व्यवसायीको महत्वपूर्ण भूमिका रहेको छ, कानुन व्यवसायीको मानमर्दन हुने काम बन्द हुनुपर्छ", उहाँले भन्नुभयो, "साथै कानुन व्यवसायीमाथि हुने हातपात पनि बन्द गरिनुपर्छ ।"

उहाँले लोकतान्त्रिक व्यवस्था लागू गर्न कानुन व्यवसायीको भूमिका उल्लेख्य रहेको भन्दै मुलुकको व्यवस्था सुधारमा कानुन व्यवसायीहरू अग्रपङ्क्तिमा रहेर सरकारलाई सहयोग गरिरहेका बताउनुभयो । सुशासन, पारदर्शी, कानुनी शासन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलले विशेष गरी युवा वकिलहरूको पेसागत सुरक्षामा चुनौती देखिएको भन्दै पेसागत सुरक्षाका लागि नेपाल बार एशोसिएसनले भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिनुभयो ।

"युवा कानुन व्यवसायीलाई पेसागत सुरक्षाको चुनौती छ, यो समस्या समाधान गर्न बार एशोसिएसनले पहल गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "युवाहरूले पनि आफ्नो बहसलाई सशक्त बनाउनका लागि अध्ययन अनुसन्धानमा जोड दिनुपर्छ ।"

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कानुन व्यवसायीको क्षमता अभिवृद्धिका लागि 'लयर एकेडेमी'को परिकल्पना गरिएको बताउनुभयो । अदालतभित्र हुने भ्रष्टाचार अन्त्य गर्न सबै सक्रिय रूपमा लाग्न उहाँले सुझाव दिनुभयो ।

महासचिव अञ्जिता खनालले राजनीतिक आस्थाको आधारमा बारको सदस्यता वितरण गर्न नहुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "३३ प्रतिशत कानुन व्यवसायी जो कुनै पनि राजनीतिक दलमा आबद्ध हुनुहुन्न ।

उहाँहरूले बारको सदस्यता पाउन सक्नुभएको छैन । आगामी दिनमा ती सबैलाई बारको सदस्यता वितरणका लागि पहल गर्नेछौँ ।" सबै क्षेत्रमा न्यायिक पहुँच पुऱ्याउनका लागि न्यायालय पनि विकेन्द्रीकरण हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

अन्तर्राष्ट्रिय क्षेत्रका प्रतिनिधिबाट पनि सम्बोधन गरिएको कार्यक्रममा युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको थियो ।रासस

## 'सहिदको बलिदानलाई सम्मान गर्नु नै सच्चा श्रद्धाञ्जली'

काठमाण्डु । सभामुख देवराज घिमिरे सहिद दिवसका अवसरमा सम्पूर्ण देशवासीलाई एकताको भावनासहित अघि बढ्न आह्वान गर्नुभएको छ ।

सहिद दिवस २०८१ को अवसरमा बुधबार उहाँले जारी गर्नुभएको शुभकामना सन्देशमा सहिदहरूले सिकाएको सहिष्णुता, एकता र दृढताको मार्गमा अघि बढ्दै उनीहरूको बलिदानलाई सम्मान गर्नु नै सच्चा श्रद्धाञ्जली हुने उल्लेख छ । "नेपालको दिगो विकास र समृद्धि मात्र सहिदहरूको सपना पूरा गर्ने माध्यम हो", सन्देशमा भनिएको छ, "देशको समृद्धि हासिल गर्नका लागि हाम्रा योजना र स्रोतलाई सही ढङ्गले परिचालन गर्दै नेपालीको जीवनस्तर सुधार गर्नुपर्ने छ ।"रासस

# शिक्षा विकासको मूल आधार होः राष्ट्रपति पौडेल



लमजुङ । राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षा विकासको प्रमुख आधार रहेको बताउनुभएको छ । बुधबार मध्यनेपाल नगरपालिका-३ सोतीपसलस्थित मङ्गला माध्यमिक विद्यालयको हीरक जयन्तीको समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले शिक्षा बिना विकास सम्भव नहुने भएकाले शिक्षा अनिवार्य आवश्यकता भएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले शिक्षालाई प्राविधिक, गुणस्तरीय र व्यवस्थित गर्दै समयअनुसार अघि बढ्नु अहिलेको आवश्यकता रहेको भन्दै यसमा सबैले समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले निष्ठा, प्रतिष्ठा र राजनीतिबाट कति पनि विचलित नभई आज यहाँसम्म आइपुगेको बताउँदै यसमा मध्यनेपालवासीको पनि योगदान रहेको भन्दै प्रशंसा गर्नुभयो । राष्ट्रपति पौडेलले आफू २०४८ सालदेखि राजनीतिमा लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँगाउँमा बाटो, बिजुली, शिक्षा, सञ्चारलगायत पूर्वाधार पुगेको छ, ग्रामीण विकासको लहर आएको छ । विकासको मेरुदण्डका रूपमा रहेका युवाहरू विदेश पलायन हुनबाट रोक्न गुणस्तरीय शिक्षा दिनुपर्छ । स्वदेशमा रोजगारीका अवसर सृजना गर्नुपर्छ ।"

राष्ट्र भन्नु नै जनता रहेको र जनता यसरी बाहिरिरहे मुलुक उजार अवस्थामा पुग्ने जनाउँदै राष्ट्रपति पौडेलले युवालाई स्वदेशमा रोक्न रोजगारी आवश्यक रहेको धारणा राख्नुभयो । ठूलो त्याग र बलिदान गरेर ल्याएको सङ्घीय लोकतन्त्र गणतन्त्र शासन प्रणालीको जगमा राष्ट्रको सांस्कृतिक, सामाजिक, आर्थिक विकास हुने उहाँको भनाइ छ ।

अस्थिर राजनीतिले देश विकासमा बाधा पुग्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले राजनीतिक दलहरू एकजुट भएर आपसी सहकार्य र समन्वयबाट मुलुकको विकास गर्ने बेला आएको बताउनुभयो । सबै एकजुट भएर सुशासन कायम गर्दै देश विकासका लागि भ्रष्टाचार, विकृति, विसङ्गति हटाउन जरुरी रहेकामा उहाँले जोड दिनुभयो ।रासस

# डिपसिकको 'स्पुतनिक क्षण'ले अमेरिकी चिप प्रतिबन्धमा रहेका कमजोरी उजागर

एएफपी

बेइजिङ । उच्च-प्रविधि चिपहरूमा अमेरिकी निर्यात नियन्त्रणले अनजानमै स्टार्टअप डिपसिकको एआई च्याटबटको सफलतालाई बल पुर्‍याएको छ । यसले एआईमा विश्वव्यापी प्रभुत्वका लागि चीनलाई रोक्न वासिङ्टनले केही गर्न नसक्ने भन्ने डर उत्पन्न गरेको छ ।पूर्वी चिनियाँ शहर हाङ्झोउमा रहेको यस कम्पनीले आफ्नो आर१ प्रोग्रामले लगानीकर्ता र उद्योग विशेषज्ञहरूलाई चकित पारेको छ । यसले अमेरिकी प्रतिस्पर्धीहरूसँग देखिने गरी कम लागतमा प्रतिस्पर्धा गर्नसक्छ ।यो एआई विकास गर्न प्रयोग गरिने विशाल लर्निङ (सिकाइ) मोडेलहरूलाई सञ्चालन गर्न आवश्यक उन्नत चिपहरूमा चिनियाँ कम्पनीहरूको पहुँचलाई रोक्ने कडा अमेरिकी नियमका बाबजुद भएको हो ।

डिपसिकका संस्थापक लियाङ वेनफेङले 'उच्च-स्तरीय चिपहरूमा प्रतिबन्ध' यसको काममा ठूलो बाधा साबित भएको स्वीकार गर्नुभएको छ ।तर विश्लेषकहरूका अनुसार यी प्रतिबन्धहरूले अमेरिकी प्रविधि प्रभुत्व सुनिश्चित गर्ने लक्ष्य राखे पनि उनीहरूलाई पार गर्न चतुर तरिकाहरू विकास गर्न कम्पनीलाई उत्प्रेरित गरेको हुनसक्छ ।कम्पनीले आफ्नो ठूलो लर्निङ मोडेल सञ्चालन गर्न कम-उन्नत एच८०० चिपहरू प्रयोग गरेको बताएको छ । यी चिपहरू सन् २०२३ को अन्त्यसम्म चीनलाई निर्यात गर्न अनुमति दिइएको थियो ।

"चिपहरूमा चीनको पहुँचमा प्रतिबन्धले डिपसिक टिमलाई ठूलो कम्प्युट प्रशिक्षण लागत बिना नै प्रतिस्पर्धी हुनसक्ने बढी जनाए पनि यसका प्रयासहरू प्रशान्तभरि चिन्ता बढाउन पर्याप्त थिएनन् ।


प्रविधि दिग्गज बाइडुको अर्नी बट सार्वजनिक हुँदा च्याटजीपीटीसँग प्रतिस्पर्धा गर्ने प्रयास प्रभावशाली हुन सकेन । यसले ठूला प्रविधि कम्पनीहरूका लागि बेइजिङको कडा नियामक वातावरणले कुनै वास्तविक नवप्रवर्तनलाई रोक्नेछ भन्ने धेरैको विचारलाई पुष्टि गरेजस्तो देखियो ।त्यो जो बाइडेनको प्रशासनको नेतृत्वमा कडा शासनसँग जोडिएको थियो । यसको उद्देश्य एआई ठूला भाषा मोडेलहरूलाई सञ्चालन गर्न आवश्यक उच्च-प्रविधि चिपहरूको चिनियाँ खरिदलाई सीमित गर्ने थियो ।तर डिपसिकले ती धेरै धारणाहरूलाई उल्टाइदिएको छ ।

"यसले नवप्रवर्तनका लागि आवश्यक कम्प्युटेशन पावर, डाटा प्रोसेसिङका बारेमा धेरैले राखेका लामो समयदेखिका धारणाहरूलाई उल्टाइदिएको छ", येल लो स्कूलको पल त्साई चाइना सेन्टरकी कानून अनुसन्धान विद्वान् र वरिष्ठ फेलो सैम स्याक्सले भन्नुभयो, "त्यसैले प्रश्न के हो भने के हामी लागतको अंश र गणनाको अंशमा अत्याधुनिक एआई प्राप्त गर्न सक्छौं ?"

डिपसिकको मोडेलले लागत कटौती र दक्षतामा जोड दिएको छ भने एआईप्रतिको अमेरिकी नीति लामो समयदेखि मापनको अनुमानमा आधारित छ ।

जर्ज वासिङ्टन विश्वविद्यालयका डिङका अनुसार "राम्रो र राम्रो प्रदर्शन हासिल गर्न समस्यामा बढी र बढी कम्प्युटिङ शक्ति र प्रदर्शन थप्ने ।"

यो राष्ट्रपति डोनाल्ड




कुशल मोडेलहरू प्रशिक्षण गर्न बाध्य पार्‍यो", जर्ज वासिङ्टन विश्वविद्यालयका जेफ्री डिङले भन्नुभयो ।उहाँका अनुसार डिपसिकको सफलताले 'अन्य देशलाई अग्रणी मोडेलहरू विकास गर्नबाट रोक्न अमेरिकी निर्यात नियन्त्रणहरू अप्रभावकारी छन्' भन्ने देखाएको छ ।"कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्तो सामान्य-उद्देश्यका प्रविधिलाई बोतलमा थुन्न असम्भव छ भन्ने इतिहासले हामीलाई बताउँछ", उहाँले भन्नुभयो ।

डिपसिक यस तरिकाले नवप्रवर्तन गर्न बाध्य भएको पहिलो चिनियाँ कम्पनी होइन । प्रविधि दिग्गज हुवावेले अमेरिकी प्रतिबन्धहरूलाई सम्बोधन गर्न आफ्नो व्यवसाय पुनः व्यवस्थित गरेपछि हालका वर्षहरूमा नाफामा फर्किएको छ ।तर सिलिकन भ्याली र वासिङ्टनमा यस्तो आतङ्क फैलाउने यो पहिलो कम्पनी हो ।उद्यम पूँजीपति मार्क एन्ड्रिसनले यसलाई 'स्पुतनिक क्षण' को रूपमा वर्णन गर्नुभएको छ । स्पुतनिक संयुक्त राज्य अमेरिका र यसको प्रमुख भू-राजनीतिक प्रतिद्वन्द्वीबीचको विशाल प्रविधि अन्तरलाई उजागर गर्ने सोभियत उपग्रह प्रक्षेपणको सन्दर्भ हो ।

**लागतको अंश**

वर्षौंसम्म धेरैले एआईमा अमेरिकी वर्चस्व स्वाभाविक मानेका थिए । यो क्षेत्र ओपनएआई र फेसबुक-मूल कम्पनी मेटा जस्ता ठूला सिलिकन भ्याली नामहरूको प्रभुत्वमा थियो ।चीनले लाखौं लगानी गरेको र सन् २०३० सम्म एआई प्रविधिमा विश्व नेता बन्ने प्रतिबद्धता ट्रम्पको स्टारगेट उद्यम पछाडिको केन्द्रीय विचार हो, जापानी विशाल सफ्टब्याङ्क र च्याटजीपीटी निर्माता ओपनएआईको नेतृत्वमा आर्टिफिसियल इन्टेलिजेन्सका लागि पूर्वाधार निर्माण गर्न पाँच खर्ब डलरको पहल ।तर डिपसिकको आर१ च्याटबटको सफलताले नवप्रवर्तन धेरै सस्तोमा आउन सक्छ भन्ने सुझाव दिन्छ । डिपसिकका विकासकर्ताहरूले मात्र ५६ लाख डलरमा निर्माण गरिएको दाबी गरेका छन् ।

केहीले सावधानी अपनाउन आग्रह गर्छन् र कम्पनीका लागत-बचत उपायहरू यति नवीन नहुन सक्छ भनेर जोड दिन्छन् ।"डिपसिक भी३को प्रशिक्षण लागत प्रतिस्पर्धात्मक भए पनि ऐतिहासिक दक्षता प्रवृत्तिभित्र पर्छन्", आर१ को अघिल्लो संस्करणका सन्दर्भमा र्‍यान्ड कर्पोरेशनका एसोसिएट सूचना वैज्ञानिक लेनार्ट हेइमले भन्नुभयो, "एआई मोडेलहरू समयसँगै प्रशिक्षण गर्न निरन्तर सस्तो हुँदै गएका छन् - यो नयाँ होइन, हामीले पूर्वाधार, अनुसन्धान र विकासको पूर्ण लागत चित्र पनि देख्दैनौं ।"

**जागरण आह्वान**

तथापि ट्रम्पले डिपसिकलाई सिलिकन भ्यालीका लागि एक ' जागरण आह्वान' का रूपमा वर्णन गर्नुभएको छ र उनीहरू 'जित्नका लागि प्रतिस्पर्धामा लेजर-केन्द्रित' हुन आवश्यक छ भन्नुभएको छ ।

पूर्व अमेरिकी प्रतिनिधि मार्क केनेडीले डिपसिकको सफलताले 'अगाडि बढ्ने निर्यात नियन्त्रणको प्रभावकारितालाई कमजोर पार्दैन' भन्नुभयो ।

# कुम्भमेलामा भागदौड, केही तीर्थयात्रीको मृत्यु भएको मोदीद्वारा पुष्टि

बीबीसी

काठमाण्डु । भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा चलिरहेको कुम्भमेलाका क्रममा बुधवार बिहान सबेरै एउटा घाटमा घातक भागदौड भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले ज्यान गुमाउने मानिसका परिवारजनप्रति समवेदना व्यक्त गर्दै उक्त घटनामा मानिसहरूको मृत्यु भएको पहिलो पटक पुष्टि गरेका हुन्।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले कुम्भमेलामा भागदौड मच्चिएको पुष्टि गर्दै केही मानिस गम्भीर घाइते भएको बताएका थिए। तर उनले मृतकहरूका बारेमा केही बोलेका थिएनन्। अरू अधिकारीले पनि घटनामा मानिसहरूको मृत्यु भए नभएको विषयमा कुनै औपचारिक जानकारी दिएका थिएनन्।

बिहान प्रयागराजका एक स्वास्थ्यकर्मीले आफ्नो नाम उल्लेख नगर्ने सर्तमा बीबीसीलाई उक्त घटनामा कम्तीमा एक दर्जन मानिसको ज्यान गएको हुन सक्ने बताएका थिए। प्रत्यक्षदर्शीहरूले पनि बीबीसीलाई समान जानकारी दिएका थिए। "प्रयागराज महाकुम्भमा भएको दुर्घटना निकै दुःखद छ। यसमा आफ्ना प्रियजन गुमाउने श्रद्धालुहरूप्रति म गहिरो समवेदना व्यक्त गर्छु," सामाजिक सञ्जाल 'एक्स'मा प्रधानमन्त्री मोदीले लेखेका छन् । उनले आफू राज्य सरकारसँग निरन्तर सम्पर्कमा रहेको र बिहान भएको घटनाका विषयमा योगी आदित्यनाथसँग कुरा गरेको जानकारी दिएका छन्। आलोचना

विपक्षी दलका नेताहरूले अव्यवस्थाका कारण उक्त दुर्घटना भएको आरोप लगाउँदै सरकारको आलोचना गरेका छन्।

संसद्मा प्रमुख विपक्षी दल कङ्ग्रेसका नेता राहुल गान्धीले "अव्यवस्था र सर्वसाधारण भक्तजनलाई नभई भीआईपीलाई बढी ध्यान दिने प्रशासनको व्यवहारका कारण यो दुःखद घटना" भएको टिप्पणी सामाजिक सञ्जालमा गरेका छन्।

उत्तर प्रदेशमा प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीको सरकार छ।अरू विपक्षी दलका नेताहरूले उक्त घटनाप्रति दुःख र शोक व्यक्त गरेका छन्। "केही तीर्थयात्रीहरू गम्भीर घाइते भए, उनीहरूको अस्पतालमा उपचार हुँदै छ," केही समयअघि उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले भनेका थिए। उनले "परिस्थिति नियन्त्रणमा" आइसकेको पनि दाबी गरे।

तर मेला हुने स्थानमा अहिले पनि आठदेखि १० करोड श्रद्धालुहरू अझै रहेको भन्दै उनले मानिसहरूलाई सङ्गमतिर नजान बरु आफू भएको स्थाननजिकैखो नदीतटमा स्थान गर्न आग्रह गरे।"यो विशेष दिनमा गङ्गामा जहाँ स्नान गरे पनि उही फल पाइन्छ," उनले भने।बीबीसी संवाददाता विकास पाण्डेका अनुसार घाइतेहरूलाई लगिएको एउटा मुख्य अस्पतालमा सञ्चारकर्मीलाई प्रवेश दिइएको छैन।त्यहाँ बिहानैदेखि



एम्बुलेन्सको आउजाउ भएको देखिन्छ।

**कुन बेला भयो घटना**

बुधवार मौनी अमावस्या अर्थात् माघ कृष्ण औंसीका अवसरमा 'अमृतस्नान' हुन लागेका बेला उक्त घटना भएको बताइएको छ।प्रत्यक्षदर्शीका अनुसार भिडले त्यहाँ लगाइएका बार तथा अवरोधलाई तोडेर ठेलमठेल गर्दा उक्त अवस्था निम्तिएको थियो।

योगी आदित्यनाथका अनुसार केही तीर्थयात्रीले प्रहरीद्वारा स्थापित छेकबार नाघेर सङ्गमतिर जान खोजेपछि बिहान १ देखि २ बजेका बीचमा उक्त घटना भएको जानकारी दिएका छन्।

प्रयागराज मेला प्राधिकरणकी एक अधिकारी आकाङ्क्षा राणाले पत्रकार हरूसँग कुरा गर्दै केही ठाउँमा भिडलाई व्यवस्थित गर्नका लागि राखिएका अवरोधहरू तोडफोड भएको खबर आएको र त्यहाँ भागदौड निम्तिएको तर अवस्था गम्भीर नरहेको बताइन्। घाइतेहरूको उपचार भइरहेको उनले बताइन्।

भारतीय समाचारसंस्था पीटीआईले सामाजिक सञ्जाल एक्समा एउटा भिडिओ पोस्ट गरेको छ। त्यसमा घाइतेहरूलाई 'सेक्टर२४'स्थित अराइल उपकेन्द्रीय अस्पतालमा लगिएको देखिन्छ।घटनास्थलबाट बीबीसी संवाददाता समिरा हुसेनले दिएको जानकारीअनुसार नदीतटमा बिहानीपख "कोलाहलको स्थिति" थियो भने भुइँमा लुगाफाटा, जुत्ता, कम्बल र झोलाहरू छरपस्ट थिए। उक्त घटनापछि सबै अखाडाहरूले औंसीका दिन हुने विशेष स्नानको कार्यक्रम रद्द गरेको सञ्चारमाध्यमहरूले दाबी गरेका छन्। अखिल भारतीय परिषद्का अध्यक्ष महन्त रवीन्द्र पुरीले बुधवार बिहान सञ्चारकर्मीसँग कुरा गर्दै भागदौडका कारण कार्यक्रम रद्द गरिएको बताएका छन्।उनले मध्यरातपछि बिहानीपख भएको घटनालाई दृष्टिगत गरी कार्यक्रम नगर्ने निर्णय गरिएको बताएका हुन्।

उनले भने, "मौनी अमावस्यामा स्नान गर्न सबै साधुसन्तहरू तयार अवस्थामा थिए। तर उक्त घटनालाई ध्यानमा राख्दै जनहितका लागि स्नान नगर्ने निर्णय गरियो।"

आयोजकहरूले विशेष स्नानको कार्यक्रम स्थगित गरेका भए पनि लाखौं मानिसहरूले नदीमा स्नान गर्ने प्रयास गरेको जानकारी विकास पाण्डेले दिएका छन्।बिहान ८:०० बजेसम्म गङ्गा र यमुना नदीका किनारमा झन्डै तीन करोड मानिसले स्नान गरेको जानकारी अधिकारीहरूले दिएका छन्। उनीहरूका अनुसार गत ज्यानुअरी १३ मा कुम्भमेला सुरु भएदेखि अहिलेसम्म २० करोड मानिसले स्नान गरिसकेका छन् ।

समाचारसंस्था आईएएनसँगको कुराकानीमा उक्त भागदौडमा फसेकी एक महिलाले आफूले सुरक्षाकर्मीलाई उद्धार गर्न आउन आग्रह गरेको तर कसैले मद्दत नगरेको बताइन्।

अर्की एक महिलाले पीटीआईलाई अचानक भागदौड हुँदा उनले कहाँ जाने भन्ने अत्तोपत्तो नपाएको बताइन्। आफूलाई त्यहाँबाट बाहिर निकालिदिन अधिकारीहरूसँग आग्रह गरेको तर त्यहाँका खटिएका व्यक्तिहरू हाँसेको उनको दाबी छ।मध्यप्रदेशबाट आएका अर्का एक व्यक्तिले घटनास्थलमा प्रहरी पनि नभएको र कोही पनि मद्दतका लागि नआएको बताएका छन्। उनका अनुसार त्यहाँ धेरै मानिसहरू घाइते भएका छन्।उनले आफ्नी आमा पनि जीवित छन् कि छैनन् भन्ने आफैंलाई थाहा नभएको बताए।

**कुम्भमेला के हो?**

कुम्भमेलाको आरम्भको कथा समुद्र मन्थन गर्दा उत्पन्न अमृतको घडा (कुम्भ) का लागि देवता र दानवहरूबीच युद्ध भएको पौराणिक प्रसङ्गसँग जोडिएको देखिन्छ।

अमृत पिएर अमर हुन पाउने लोभमा देवासुर सङ्ग्राम हुँदा उक्त कुम्भबाट केही थोपा प्रयागराज, हरिद्वार, उज्जैन र नासिक गरी चार स्थानमा खसेको किंबदन्ती छ। उक्त युद्ध १२ देववर्षसम्म चलेको थियो र प्रत्येक देववर्षको अवधि पृथ्वीमा १२ वर्षसम्म हुने गर्छ। कुम्भमेला चार सहरहरूमा प्रत्येक १२ वर्षमा मनाइने गरिन्छ। दुइटा कुम्भमेलाको बीचमा अर्धकुम्भमेला पनि आयोजना गरिन्छ।

चारवटै सहरमा कुम्भमेलाको आयोजना गर्ने गरिएको भए पनि सबैभन्दा प्रयागराजमा आयोजित हुनेलाई महाकुम्भ मानिन्छ। त्यहाँ पुग्ने श्रद्धालु र पर्यटकहरूको संख्या प्रत्येक पटक बढ्दै गएको पाइन्छ। अखिल भारतीय परिषद्का अध्यक्ष महन्त रवीन्द्र पुरीले मेला सुरु हुनुअघि यसपालिको कुम्भ "अझ विशेष" हुने बताएका थिए।

"घडाबाट अमृत छचल्किएर पोखिँदाको समय जसरी नै अहिले ग्रह र नक्षत्रहरू मिलेर बसेका छन्," उनले बीबीसीसँग भनेका थिए, "यस्तो उत्तम अवस्था १२ वटा कुम्भ पर्वपछि अर्थात् १४४ वर्षपछि आएको छ।" कुम्भमेलाको व्यवस्थापन गर्ने अधिकारीहरूले अमावस्याका दिन हुने अमृतस्नानका लागि आठदेखि १० करोड श्रद्धालु प्रयागराज पुग्ने ठानेका छन्।मेलामा खटिएको प्रहरीले मङ्गलवार राति सामाजिक सञ्जालमा पोस्ट गर्दै अमावस्याका अवसरमा आउने श्रद्धालुलाई स्वागत गरेको थियो।उसले कुम्भमेलामा आउने सबैको सुरक्षाका लागि प्रहरी एकाइहरू खटिएको जनाएको थियो।

**भारतमा बारम्बार घातक भागदौड**

भारतमा बारम्बार घातक भागदौडका घटनाहरू हुने गरेका छन् ।

यही महिना आन्ध्र प्रदेश राज्यस्थित तिरुपति मन्दिरमा भिडले कुल्चिँदा छ जनाको मृत्यु भएको थियो। गत वर्ष उत्तर प्रदेशको हाथरसमा आयोजित एउटा धार्मिक प्रवचनस्थलमा भागदौड मच्चिँदा कम्तीमा १२० जनाको ज्यान गएको थियो।सरकारी तथ्याङ्कका अनुसार भारतमा सन् २०२१ र २०२२ मा ४७ वटा भागदौडका घटना भए। तर मृतकको कुल संख्या भने स्पष्ट छैन।

धार्मिक कार्यक्रम, मेला र सार्वजनिक स्थानमा ठूलो भिड लाग्ने भएकाले मानिसहरूको ज्यान जानेको गरेको देखिन्छ।सरकारी निकायहरू ठूला भेलाको व्यवस्थापन गर्न प्रायः सक्षम भए पनि फितलो योजना, भिड नियन्त्रण गर्ने अपर्याप्त उपाय र उत्तरदायित्व वहन नगर्ने प्रवृत्तिका कारण भागदौड हुँदा मानिसहरू हताहत हुने गरेको पाइन्छ ।

साँघुरो स्थान, अकस्मात् बढ्ने मानिसहरूको घुइँचो र आपत्कालीन निकासको अभावजस्ता कुराले जोखिम अझै बढाइदिन्छन्।

# भागदौड किन हुन्छ र त्यसमा मान्छेको ज्यान कसरी जान्छ

बीबीसी

काठमाण्डु । गत साता भारतको उत्तर प्रदेशमा एउटा हिन्दू धार्मिक भेलामा भागदौड मच्चिँदा कम्तीमा १२० जनाको ज्यान गयो।

यस्ता दुःखद घटनाले समाजमा नराम्रो असर गर्छ। तर ठूल्ठूला धार्मिक भेलाहरूमा यस्ता घटना हुँदै आएका छन्।साउदी अरबको मक्कामा हुने मुस्लिमहरूको वार्षिक तीर्थयात्रा हजका क्रममा कैयौं पटक भागदौड मच्चिएको छ। सन् २०१५ मा त्यहाँ २,३०० जनाको ज्यान गएको थियो।

खेलकुदका ठूला कार्यक्रम र साङ्गीतिक महोत्सवसहित धेरै संखयामा मानिसहरू भेला हुने कार्यक्रममा भागदौड हुने जोखिम हुन्छ। ठूलो भिडमा एक व्यापारीले मानिसहरूलाई रकम बाँड्न थालेपछि नाइजिरियामा गत मार्चमा एउटा परोपकारी कार्यक्रमका क्रममा तीन बालिकासहित सात जनाको ज्यान गएको थियो।यहाँ हामीले भिडभाड उत्पन्न हुने कारण, मृत्युका कारक तत्त्व र त्यस्ता विपद्लाई रोक्ने उपायबारे चर्चा गरेका छौं। हजका बेला मक्कास्थित काबानजिकै व्यापक भिड हुने गर्छ।

"यस्ता बेला एउटै ठाउँमा एकै समय धेरै मानिस उपस्थित हुन्छन्," इङ्ल्यान्डको यूनिभर्सिटी अफ ससिक्समा प्राध्यापन गर्ने तथा भिड व्यवस्थापनको सामाजिक मनोविज्ञानका विज्ञ जोन ड्रूरी भन्छन्।उपस्थित मानिसको कुल सङ्ख्याले नभई "भिडको घनत्व"का कारण भागदौड हुने अवस्था सिर्जना गर्छ।प्राध्यापक ड्रूरीका अनुसार खतराबाट जोगिन एक वर्गमिटर क्षेत्रमा पाँच जनाभन्दा बढी मानिस भेला हुनु हुँदैन। तर



हजका बेला काबानजिकै प्रतिवर्गमिटर झन्डै आठदेखि नौ जना हुने गर्छन्।

ठाउँको क्षमतानुसार मानिस जम्मा नभएको अवस्थामा पनि कार्यक्रमको स्थानानुसार भिडको घनत्व फरक हुन सक्छ। उदाहरणका लागि, साङ्गीतिक कार्यक्रमहरूमा मानिसहरू मञ्चतर्फ बढ्न चाहन्छन्। आयोजकले कार्यक्रमको सही व्यवस्थापन नगर्दा अथवा प्रहरीले पनि नियमन नगर्दा धेरै भिडभाड हुन पुग्छ।

"यदि प्रतिवर्गमिटर क्षेत्रमा पाँच अथवा सोभन्दा बढी मानिस छन् भने मानिसहरू यताउता गर्दा भागदौडको खतरा रहन्छ," प्राध्यापक ड्रूरी भन्छन्।भागदौड केही मिनेटभित्र हुने हुँदा हस्तक्षेपका लागि न्यून समय हुन्छ। यो पृष्ठभूमिमा बाहिरिने ढोका थोरै मात्र भए अथवा निस्किने पाउने मार्ग स्पष्ट नभएको अवस्थामा भिड अकस्मात् निस्किन खोज्दा भागदौड मच्चिने खतरा रहन्छ।

"यदि बाहिर जाने मार्ग एकदमै साँघुरो छ, खास गरी बाहिरिने चिरपरिचित मार्ग छैन भने मानिसहरू एकैपटक निस्किने खोज्ने सम्भावना बढी रहन्छ। त्यसले घनत्व बढाउन सक्छ र भागदौड निम्त्याउन सक्छ," उनी थप्छन्। भिडमा मानिसहरू एकअर्कासँग ठोक्किन्छन् र बाँकी मानिसमाथि दबाव पर्छ। त्यस क्रममा केहीले आफ्नो शरीरलाई सन्तुलनमा राख्न सक्दैनन् र उनीहरूलाई अरूले कुल्चिन पुग्छन्। त्यस्तो घटना घातक बन्न सक्छ। भारतमा केही दिनअघि भएको भागदौडको घटनापछि गरिएको शवपरीक्षणमा मृतकमध्ये धेरैको छातीमा चोट भएको देखियो। केहीलाई आन्तरिक रक्तस्राव भएको अनि केहीको छातीनजिकै रगत जमेको पाइयो।

सिङ्गापुरमा रहेका आकस्मिक चिकित्सा विशेषज्ञ डा डेभिन टानका अनुसार भिडमा थिचिएका मानिसलाई प्रायः सास फेर्न गाह्रो हुन सक्छ। अर्थात् बाह्य दबावका कारण उनीहरू सास फेर्न सक्दैनन्।"श्वासप्रश्वासका लागि जिम्मेवार छाती र पेटको बीचमा अवस्थित 'डाइअफ्र्याम' मांसपेशी खुम्चिन वा तन्किन सक्दैन र त्यसले गर्दा फोक्सोमा हावा पस्न वा त्यहाँबाट निस्किन पाउँदैन," टान भन्छन्।"यसले गर्दा कार्बन डाइअक्साइड जम्मा हुन्छ र अक्सिजनको अभाव हुन्छ। अनि अङ्गहरूले काम गर्न छाडेपछि 'ब्रेन डेथ' हुन्छ।"

**भागदौडमा कसरी जोगिने?**

अमेरिकी सरकारको रोग नियन्त्रण तथा रोकथाम निकाय (सीडीसी)ले भागदौडमा कसरी जोगिने र त्यस्तो अवस्थामा के गर्ने भन्नेबारे केही व्यावहारिक सुझाव दिएको छ।उसका अनुसार पहिलो काम भनेको उक्त स्थानमा पुग्ने बेलामै त्यहाँबाट बाहिरिने आकस्मिक द्वारहरू पहिचान गर्नु हो। साथै उपलब्ध चिकित्सकीय सेवाबारे पनि अगाडि नै थाहा पाउनुपर्छ।यदि तपाईं भागदौडमा पर्नुभयो भने तपाईंले यसो गर्नुपर्छ :

**-बक्सिङ खेलाडीले झैं छातीअगाडि हात राख्नुहोस् र दह्रोसँग खुट्टा टेक्नुहोस् ।**
**-भिडको बललाई प्रतिरोध नगर्नुहोस् ।**
**-भिडको गति रोकिँदा छड्के दिशातिरबाट छेउतिर जानुहोस् ।**
**-दह्रोसँग खुट्टा टेक्नुहोस् ।**
**-यदि लड्नुभयो भने भकुन्डो जसरी 'डल्लो परेर' आफूलाई जोगाउनुहोस् ।**
**-शान्त रहने प्रयास गर्नुहोस् र सकेसम्म छिटो उठ्नुहोस् ।**

# बङ्गलादेशः अवामी लिगद्वारा आमहड्ताल र नाकाबन्दीको आह्वान

एएनआई

ढाका । बङ्गलादेशको अवामी लिगले शेख हसिनाविरुद्ध लगाइएका 'झुटा मुद्दा' र देशमा धार्मिक अल्पसंख्यकमाथि भइरहेको उत्पीडनको विरोधमा आमहडताल र राष्ट्रव्यापी नाकाबन्दीलगायत राजनीतिक कार्यक्रमको घोषणा गरेको छ।

पार्टीले मङ्गलबार राति एक विज्ञप्ति जारी गर्दै आफ्नो आगामी आन्दोलनको कार्यक्रम र मागको खाका प्रस्तुत गर्दै यदि अधिकारीहरूले उनीहरूको गतिविधिमा बाधा पुर्‍याउने प्रयास गरेमा कडा कदम चाल्ने बताएको छ ।पार्टीले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "कार्यक्रमहरू निम्नानुसार सञ्चालन गरिनेछः शनिबार (फेब्रुअरी १) देखि बुधवार (फेब्रुअरी ५) सम्म पार्टी सदस्यहरूले पर्चाहरू वितरण गर्नेछन् भने बिहीबार (फेब्रुअरी ६) मा विरोध प्रदर्शन र जुलुस निकालिनेछ । फेब्रुअरी १० मा दोस्रो विरोध प्रदर्शन तथा जुलुश गर्ने र फेब्रुअरी १६ मा पार्टीले देशव्यापी नाकावन्दी गर्नेछ; र फेब्रुअरी १८ मा बिहानैदेखि साँझसम्म 'आम हडताल' गरिनेछ ।"

'देशका जनताको राजनीतिक र लोकतान्त्रिक अधिकार प्राप्तिका लागि यी कार्यक्रमहरूमा कुनै प्रकारको अवरोध आएमा थप कडा कार्यक्रम घोषणा गरिने' अवामी लिगले चेतावनी दिएको छ ।

# ‘घुमौं मधेसः बुझौं मधेस’ प्रति विशेष आकर्षण

गण्डकी । पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा जारी ३३औँ संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा सूचना प्रविधि (आइटी) महोत्सवको उद्घाटनका अवसरमा मिथिलाको झिझिया नाचबाट गरिएको स्वागतलाई यहाँका स्थानीयले बिर्सेका छैनन् ।

यही माघ १० गतेदेखि पोखरा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित महोत्सवमा थारू र भोजपुरी नृत्यप्रति स्थानीयको विशेष आकर्षण थियोभने महोत्सव किनमेलको गन्तव्य पनि बनेको थियो । सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकासले ल्याएको क्रान्ति झल्काउने आइटी उपकरण अवलोकन गर्ने थलो मात्र महोत्सव बनेन अपितु विभिन्न प्रदेशलाई जान्ने, बुझ्ने र अनुभव गर्न सकिने स्थान बन्यो ।




महोत्सवमा मधेस प्रदेशको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयले राखेको ‘घुमौं मधेसः बुझौं मधेस’ कक्ष मधेसलाई बुझ्न महत्त्वपूर्ण बनेको छ । हरेक दिन महोत्सवका सहभागी करिब पाँच सय जनासम्मले यस कक्षमा आएर मधेस प्रदेश र यहाँको धार्मिक एवं पर्यटकीय गन्तव्यबारे बुझ्ने गरेको ‘घुमौं मधेस, बुझौं मधेस’ अभियानका संयोजक विकासकुमार ठाकुरले बताउनुभयो ।

सहभागी जिज्ञासुलाई संयोजक ठाकुर, चन्द्रपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदय सापकोटालगायतले मधेस प्रदेशको पर्यटन, त्यहाँको वास्तविकताका साथै मधेसीहरूले गर्ने न्यानो आतिथ्यता आदिबारे जानकारी गराउने गर्नुभएको छ ।

मेला उद्घाटनका अवसरमा संयोजक ठाकुरले कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेललाई मधेस प्रदेशका धार्मिक एवं पर्यटकीय गन्तव्यबारे सचित्र परिचय दिइएको पुस्तिका (बुकलेट) हस्तान्तरण गर्नुभएको थियो । उक्त अवसरमा मधेस प्रदेशको सांस्कृतिक धरोहरलाई झल्काउने झिझिया नृत्य र थारू नृत्यसमेत देखाइएको थियो ।

मधेस प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ पर्यटन राजधानी पोखरामा जारी महोत्सवका अवसरमा ‘घुमौं मधेसः बुझौं मधेस’ को प्रवर्द्धनात्मक कक्ष राखिएको संयोजक ठाकुरले बताउनुभयो ।

प्रवर्द्धनात्मक सामग्रीका रुपमा महोत्सवका सहभागीलाई मधेस प्रदेशका पर्यटकीय गन्तव्यबारे सचित्र जानकारी समेटिएको पुस्तिका वितरण गरिएको छ । पुस्तिकामा प्राचीन मिथिलाको राजधानी जनकपुरमा अवस्थित जानकी मन्दिरसहितका धार्मिक महत्वका स्थलबारे जानकारी गराइएको छ ।

मिथिलाञ्चलवासीको सांस्कृतिक धरोहर यस मन्दिर सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा निर्माण पूरा भएको पुस्तिकामा उल्लेख छ । पुस्तिकामा कोशी टप्पु वन्यजन्तु आरक्ष, सहलेश फूलबारी, गढीमाई, पर्सा राष्ट्रिय निकुञ्ज, पञ्चधुरा, दिनाभद्री मन्दिर, सिम्रौनगढ, कङ्कालिनी मन्दिर, धनुषाधाम, भरत तालबारे सचित्र जानकारी दिइएको छ ।

मधेस प्रदेशमा रहेका नुनथर, गहवामाई, छिन्नमस्ता भगवती मन्दिर, ठोरी, भिश्वाडाँडा, मटिहानी, रौजा मजार, कमलदह, चुरे शिवालिक पर्वत, राजदेवी मन्दिर, चुरियामाई, पारसनाथ मठ, पर्सागढी, दुग्धेश्वरनाथ महादेव, चन्द्र नहरबारे पुस्तिकामा चर्चा गरिएको छ ।

यस्तै, मूर्तिया, नाढीमन ताल, जलेश्वर महादेव मन्दिर, हनुमान मन्दिर, बाबाताल, हात्तीदह सिमसार, टुटेश्वरनाथ धाम, कारिक स्थान पडौल, सहिद स्मृति पार्क, शिव मन्दिर, निजानन्द धाम, सिद्धबाबा हाइकिङ, जनकपुर रेलमार्ग र बरहवातालबारे पुस्तिकामा जानकारी गराइएको छ । पुस्तिकामा उल्लेखित स्थानबारे दिइएका जानकारीले मधेस प्रदेशमा जाने पर्यटकलाई त्यहाँबारे पूर्ववत् रूपमा सामान्य जानकारी हासिल गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

मधेसबारे महोत्सवका सहभागीलाई परिचय गराउनुका साथै त्यहाँका विशिष्टताबारे जानकारी गराउँदै मधेस बुझ्न र घुम्न अनुरोध गर्ने गरिएको चन्द्रपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदय सापकोटाले बताउनुभयो । “मधेस सबै किसिमले घुम्नैपर्ने गन्तव्य हो भन्ने सन्देश दिनका लागि पनि हामी यहाँ आएका हौँ”, उहाँले भन्नुभयो, “मधेसका धेरै प्राकृतिक एवं सांस्कृतिक सम्पदाहरू हेर्न लायक छन् ।”

पछिल्ला समयमा मधेसमा पूर्वाधार विकास पनि द्रुत रूपमा भइरहेको बताउँदै उहाँले पहिला जनकपुर विमानस्थल मात्र रहेको यस प्रदेशमा अहिले सिमरा र राजविराजमा पनि विमानस्थल सञ्चालनमा आएको जानकारी दिनुभयो ।

मधेस बुझ्ने कक्षका साथै मधेसको मौलिक परिकार चाख्न पाउने गरी राखिएको अर्को कक्ष पनि यतिखेर महोत्सवको आकर्षण बनेको छ । महोत्सवस्थलमा रौतहटको कटहरिया बजारबाट आएर बनाइएको कटियाको स्वादसँगै सप्तरीको बरमझियाको पेडाको स्वादसमेत चाख्न पाइने सो कक्षका सञ्चालक अजय साह सोनारले जानकारी दिनुभयो ।

महोत्सवस्थलमा आएका व्यक्तिहरूले निकै रुचिका साथ कटिया र पेडा खाने गरेको उहाँले बताउनुभयो । माटोको घैँटोमा पकाइने खसीका मासुलाई कटिया भनिने र यसले मधेसको रौतहटको मौलिक परिकारका रूपमा चर्चा कमाएको उहाँले जानकारी दिनुभयो ।

माटोको घैँटोमा खसीको मासुसँगै प्याज, अदुवा, लसुन, जिरा, खुर्सानी, मरिच, बेसार राखेर कोइलाको रापमा पकाइने यो परिकार महोत्सवको आकर्षण बनेको उहाँले जानकारी दिनुभयो । सप्तरी बरमझियाको पेडा चाख्नेको पनि उत्तिकै आकर्षण रहेको उहाँले जानकारी दिनुभयो ।

महोत्सवलाई पोखराको मात्र नभई देशकै विविधता जान्ने, बुझ्ने र अनुभव गर्ने थलोका रूपमा विकास गर्न खोजिएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले बताउनुभयो ।

महोत्सवस्थलमा विभिन्न प्रदेशका कक्ष पनि रहेका जानकारी दिँदै उहाँले दुई सय ५० कक्षमध्ये मधेस प्रदेशको दुई कक्षसँगै सूदुरपश्चिमका एक, कोशीका तीन, बागमतीका पाँचवटा कक्ष रहेको उहाँले जानकारी दिनुभयो । तीनवटै प्रदेशका मौलिक उत्पादनलाई बिक्रीमा राखिएको छ । महोत्सव माघ १९ गते समापन हुने छ ।रासस

# बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा

रामपुर । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले वन ऐन संशोधन गरेर विदेशबाट आउने काठलाई निरुत्साहित गर्ने बताउनुभएको छ । नेपाल प्रेस युनियन पाल्पा शाखाद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा उहाँले विदेशबाट काठ आउने तर स्वदेशी काठ जङ्गलमा नै छोडेर जाने अवस्था रहेकाले त्यसलाई वन ऐन संशोधनका माध्यमबाट स्वदेशी काठलाई जतिसक्दो धेरै उत्पादन गर्ने नीति लिएको बताउनुभयो । उहाँले विदेशी आयातित काठलाई निरुत्साहित बनाउन आवश्यक कार्ययोजना बनाइरहेको बताउनुभयो ।



वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन संशोधन, वातावरणीय संरक्षण ऐन नियमावली बनाउने क्रममा रहेको उहाँले जानकारी दिँदै वातावरण परिवर्तनले देशले भोग्नुपरेको बताउनुभएको छ । वन्यजन्तु र मानवबीच चलिरहेको द्वन्द्वका कारण मानिसले धेरै दुःख पाइरहेको हुँदा अब वन ऐन संशोधन गरेर समस्या समाधान गर्न खोजिएको जानकारी दिनुभयो ।

“हात्ती, बाघ, गैँडा, बाँदरजस्ता वन्यजन्तुका कारण मानिसले धेरै दुःख पाइरहेको अवस्था छ, बँदेल र बाँदरलाई नयाँ नीति ल्याएर कृषि हानिकारक वन्यजन्तु घोषणा गरेर समस्या समाधानको प्रयास गर्न खोजिएको छ”, मन्त्री शाहीले भन्नुभयो ।

विकास निर्माण र वनबीचको अत्यन्त नजिक सम्बन्ध छ तर साना कारणले अप्ठ्यारो स्थिति सिर्जना भएको हुँदा सबै समस्या समाधान गर्नका लागि ऐन संशोधन र परिमार्जन गर्न लागिएको उहाँले जनाउनुभयो । यसले गर्दा आगामी दिनमा मानव समुदायले वनबाट भोग्नुपरेका समस्या धेरै समाधन हुने उहाँको भनाइ छ ।

फरक प्रसङ्गमा मन्त्री शाहीले कालीगण्डकी डाइभर्सनको चिन्ता र चासोलाई सरकारसमक्ष राख्ने बताउनुभयो ।

आगामी दिनमा यस क्षेत्रका नागरिकको सोचलाई साकार पार्ने कार्यमा आफू र मन्त्रालयको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

मन्त्रालयको तर्फबाट यो क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि आगामी बजेट निर्माणमा, सङ्घ, प्रदेश र स्थानीय तह मिलेर काम गर्नुपर्नेमा उहाँको जोड छ । रासस

# यस्तो छ तरकारी र फलफूलको बजार मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।



समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । बुधबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ३०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु ३०, आलु रातो प्रतिकेजीरु ४०, आलु रातो (भारतीय) प्रतिकेजी रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६६, गाजर (लोकल) प्रतिकेजी रु ५०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु २०, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १२, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १२, मूला रातो प्रतिकेजी रु २५, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु २५, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ५०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ६०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु १५, पालुङ्गो साग प्रतिकेजी ४०, चमसुरको साग रु ४०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ४०, हरियो प्याज प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३५० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ६०, सजिवन प्रतिकेजी रु २५०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १३०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ५०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु ७०, हरियो धनिया प्रतिकेजी रु ४०, लसुन सुकेको (चाइनिज) प्रतिकेजी रु ३००, लसुन सुकेको (नेपाली) प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# अमेरिकी डलरलगायत यी विदेशी मुद्राको भाउ बढ्यो

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बुधबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य बुधबार पनि बढेको छ ।

यस्तै, चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, हङकङ डलर, कुवेती दिनार, ओमनी रियालको भाउमा पनि बढोत्तरी देखिएको छ । युरोपियन युरो, युके पाउन्ड स्टर्लिङ, स्विस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलर, जापानी येन, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्विडिस क्रोनर, डेनिस क्रोनरको मूल्य भने घटेको छ । त्यस्तै, केही विदेशी मुद्राको भाउ भने स्थिर छ ।



राष्ट्र बैङ्कका अनुसार बुधबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रुपैयाँ १४ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ ७४ पैसा तोकिएको छ ।

यस्तै, युरोपियन युरो एकको खरिददर एक सय ४४ रुपैयाँ ०५ पैसा र बिक्रीदर एक सय ४४ रुपैयाँ ६८ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ७८ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ ५३ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ४६ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ १२ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ३२ पैसा र बिक्रीदर ८६ रुपैयाँ ६९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ८६ पैसा र बिक्रीदर ९६ रुपैयाँ २८ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय ०२ रुपैयाँ १९ पैसा र बिक्रीदर एक सय ०२ रुपैयाँ ६३ पैसा निर्धारण गरिएको छ ।रासस

# ताल तथा सीमसार क्षेत्रमा पाइने चराको अस्तित्व खतरामा



कञ्चनपुर । कञ्चनपुरका संरक्षण क्षेत्रबाहिरका ताल तथा सीमसार क्षेत्रमा पाइने चराको अस्तित्व खतरामा परेको छ । अनियन्त्रित चोरी शिकारी, अवैध व्यापार, जलवायु परिवर्तनको असर, विषादी तथा कीटनाशक, रासायनिक मलको प्रयोग, जलप्रदूषण, प्लास्टिक फोहर, सिँचाइका लागि पानीको अति प्रयोग, ताल सुकाएर माछा मार्ने कार्यले चरा संरक्षणमा चुनौती थपिएको छ ।

नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन) का चराविद् हिरुलाल डगौराले सीमसार क्षेत्र खुम्चिदै जाँदा चराको बासस्थानमा खलल पुगेको बताउनुहुन्छ । “ताल तथा सीमसार क्षेत्र अतिक्रमण हुँदा ८६ प्रतिशत चरा जोखिमा रहेको पाइएको छ”, उहाँले भन्नुभयो, “चराको बासस्थानसँगै ताल तलैया तथा सीमसार क्षेत्रमा चरा मार्नका लागि विषादीको प्रयोग हुने गरेको पाइएको छ, त्यस कार्यले चराको अस्तित्व खतरामा परेको छ ।”

उहाँका अनुसार बेलौरी नगरपालिका-६ स्थित पुरैनी तालमा सन् २०१७ मा गरिएको सर्वेक्षणमा दुई हजार दुई सय जलपन्छी फेला परेका थिए । त्यसको नौ वर्षपछि सन् २०२५ मा आइपुग्दा चराको सङ्ख्या घटेर सात सय ५ पुगेको छ ।

चराको सङ्ख्या बर्सेनि घट्दै जानुमा बासस्थान विनाश प्रमुख कारणका रुपमा रहेको छ । बीउ छर्न र उमार्न, परागसेचन गर्न, परिस्थितिकीय प्रणालीमा सहयोग गर्न, कीरा फट्याङ्ग्रा नियन्त्रण गर्नमा चराले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । योसँगै पर्यापर्यटनमा टेवा, वातावरणको शोभा बढाउने कार्यसँगै चराको धार्मिक तथा सांस्कृति महत्व रहेको चराविद् डगौरा बताउनुहुन्छ ।

बिषादी प्रयोग गरी चरा मार्ने तथा शिकार गर्ने कार्यलाई स्थानीय सरकार, प्रशासनिक निकायले नियन्त्रण गर्नुपर्ने उहाँ बताउनुहुन्छ।बिसिएनकोसहयोगमा चरा संरक्षणका लागि समुदाय स्तरमा सचेतना फैलाउनका लागि छलफल, गोष्ठी, बैठकसँगै चरा अवलोकनका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । ती कार्यक्रममा चरा संरक्षण गर्नका लागि सीमसार क्षेत्र जोगाउनुपर्ने कुरामा जोड दिइँदै आएको छ ।

स्वस्थ्य, प्राकृतिक सिमसार क्षेत्र मानव अस्तित्वका लागि महत्वपूर्ण रहेको कुरा समुदायलाई सम्झाउने बुझाउने कार्य हुदै आएको कञ्चनपुर पंछी संरक्षण समूहका अध्यक्ष सन्देश चौधरी बताउनुहुन्छ । “सिमसारसँग मानव समाजको अत्यावश्यक र आधार भूत सम्बन्ध छ”, उहाँले भन्नुभयो, “ताजा पानी आपूर्ति गर्ने कार्य सँगै सीमसार क्षेत्रले पानी भण्डारण गर्दछन्, जसका कारण सीमसार क्षेत्र महत्वपूर्ण छ ।”

एक सर्वेक्षणअनुसार आधाभन्दा बढी विश्वको मुख्य आहाराको लागि सिमसारमा उब्जाएको उत्पादनमा निर्भर छ । विश्वका एक अर्बभन्दा बढी मानिसका लागि सिमसार क्षेत्रका माछाहरु प्रोटिनका प्राथमिक स्रोत हुन् ।

सीमसार क्षेत्रमा उब्जाएको धानले वार्षिक तीन दशमलव पाँच अर्ब मानिसलाई खान पुग्छ । सीमसार क्षेत्रको महत्व नबुझ्दा अतिक्रमणको चपेटामा पर्दै गएको छ । प्रवासी चराचुरुङ्गी र अन्य जनावरहरु यात्राका क्रममा आराम गर्ने, खाना खाने ठाउ वा प्रजननका लागि सिमसारमा निर्भर हुन्छन् ।

रैथाने र प्रवासी चराको मुख्य बासस्थानका रुपमा रहेका सीमसार क्षेत्रलाई जोगाउनका लागि सबैको महत्वपूर्ण भूमिका हुने बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीको भनाइ छ । बिसिएनसँग सहकार्य गरी नगरपालिका क्षेत्रभित्रका सीमसार क्षेत्र संरक्षण र जलपंछी संरक्षणका लागि योजनाबद्ध रुपमा कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको उहाँको भनाइ छ ।

“पर्याप्त खाना, सुरक्षित प्रजननस्थल र राम्रो मौसमको खोजीमा चराहरु टाढा टाढाबाट बर्सेनि ताल तलैया र सीमसार क्षेत्रमा आइपुग्छन्”, चरा संरक्षणकर्मी सुवन चौधरीले भन्नुभयो, “तालको शोभा बढाउने चरा जोगाउनका लागि तालमा माछा मार्ने कार्य रोकिनुपर्छ, बिषादी हालेर चरा मार्ने कार्यलाई निरुत्साहित गरिनुपर्छ ।”

कञ्चनपुरमा चार सय ८० प्रजातिका चराहरु पाइन्छन् । जसमा संरक्षितको सूचिमा रहेका नौ प्रजातिमध्ये सेतो गरुड, कालो गरुड, खरमजुर, सानो खरमजुर सारस, राजधनेशलगायतका चराहरु पनि यहाँ पाइन्छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संरक्षित पंछी सिकार गरी मारेमा वा घाइते बनाएमा रु १५ हजारदेखि रु ३० हजारसम्म जरिवाना वा तीन महिनादेखि नौ महिना कैद वा दुवै सजाय हुने व्यवस्था रहेको रहेको कुण्डा सव डिभिजन वन कार्यालयका प्रमुख दिनेशकुमार यादवले बताउनुभयो ।

सोही ऐनअन्तर्गत संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई रु एक लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि १०वर्षसम्म कैदको व्यवस्था रहेको छ ।रासस

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संरक्षित पंछी सिकार गरी मारेमा वा घाइते बनाएमा रु १५ हजारदेखि रु ३० हजारसम्म जरिवाना वा तीन महिनादेखि नौ महिना कैद वा दुवै सजाय हुने व्यवस्था रहेको रहेको कुण्डा सव डिभिजन वन कार्यालयका प्रमुख दिनेशकुमार यादवले बताउनुभयो ।

# मन्दिरको जग्गामा अवैध घर निर्माणमा रोक लगाएपछि वडाध्यक्षको विरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । मठमन्दिरको जग्गामा नक्सा पास बिना नै अवैधरुपमा भौतिक संरचना निर्माणमा जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोजकुमार साहले रोक लगाएका छन् ।



जनकपुरधामस्थित रामानन्द चोकभन्दा पश्चिम बिहारकुण्डमा रहेका सिया रघुनाथ सदनको जग्गामा नक्सा पास बिनै अवैध रुपमा भूमाफियाहरुले खुलेयाम गरिरहेको भवन निर्माण कार्य उपमहानगरपालिकाले रोकेपछि जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहलाइवडानम्बर८कावडाध्यक्ष दिनेश सिंहले विभिन्न किसिमको धाकधम्की दिन थालेका छन् । जग्गा रजिष्ट्रेशन आफ्नो नाममा नरहेको र नक्सा पास बिना नै एक पछि अर्को घर निर्माणको क्रम बढेपछि अवैध रुपमा भवन निर्माण नगर्न भन्दै उपमहानगरपालिकाको नगर प्रहरीले निर्माण कार्यमा प्रयोग हुने उपकरणहरु मंगलबार उठाएर लगेको थियो ।

मेयर साहले भवन निर्माणको कार्य नरोके स्थानिय सरकार सञ्चालन ऐनको दफा ३९ बमोजिम अवैध संरचना भत्काउन उपमहानगरपालिका तयार रहेको बताए ।

सिया रघुनाथ सदनका महन्त नामदेव शरणले जग्गा कब्जा गरी बलजफ्ती अवैध संरचना बनाइरहेका भन्दै १६ जनाको विरुद्ध उपमहानगरपालिकाको कार्यालयमा उजुरी दिएका थिए ।

जनकपुरधाम उपमहानगरपालिका- ८ का वडाध्यक्ष दिनेश सिंहले आफू निर्माण कार्यको पक्षधर नरहे पनि निर्माण कार्य रोक्नु अनुचित नभएको जिकिर गरे । उनले अवैध निर्माण कार्य भइरहेको ठाउँमा मेयर साहको समेत जग्गा रहेको आरोप लगाए ।

तर मन्दिरका महन्त नामदेव शरणले वडाध्यक्ष दिनेश सिंहका दाजु महेश सिंहले जेलमा रहेको चेलालाई रिहा गराइ दिन्छु भन्दै न्यायाधीश र वकिललाई पैसा खुवाउन पर्ने भएकोले आफूसंग भुक्याएर कागज गराएको आरोप लगाए ।

# ‘पैसा र पदका लागि विपक्षीसँग मिल्ने नेतालाई मधेशी समाजले बहिष्कार गर्नुपर्छ’

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पैसा र पदका लागि विपक्षीसँग मिल्ने नेतालाई मधेशी समाजले बहिष्कार गर्नुपर्ने बताएका छन् ।




राजविराजमा बुधबार भएको कार्यक्रममा पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले मधेशीसँग गद्दारी गर्ने धोका दिने र पद पैसाका लागि चाकरी गर्नेलाई मधेशी समाजले बहिष्कार गर्नुपर्ने बताए ।

उनले मधेशी समाजलाई धोका दिने र पैसा तथा पदका लागि चाकरी गर्ने बिपक्षिसँग मिल्ने व्यक्तिलाई मधेशी जनताले समयमै पहिचान गरि बहिष्कार गर्नुपर्नेमा जोड समेत दिए ।

पार्टीको सांगठनिक संरचनालाई अझ सुदृढ बनाउन जनतासँग जसपा नेपाल अभियान चलाइएको उनले बताए ।

जनतासँग जसपा नेपाल, अधारभूत संगठन निर्माण अभियान अन्तरगत बुधबार सो पार्टीको हनुमाननगर कंकालिनी नगर समितिद्वारा इनर्वामा आयोजित “बृहत् पार्टी प्रवेश” कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो जनाए ।

“संगठन शक्ति हुन्छ, अध्यक्ष यादवले भने, ‘शक्ति निर्माणका लागि जनतालाई संगठित गर्न हामी अभियानमा निस्केका छौं ।’

उनले मधेशीसँग गद्दारी गर्ने, मधेशी समाजलाई धोका दिने र पैसा तथा पदका लागि चाकरी गर्ने बिपक्षिसँग मिल्ने व्यक्तिलाई मधेशी जनताले समयमै पहिचान गरि बहिष्कार गर्नुपर्नेमा जोड दिए ।

उनले जसपा नेपालको अभियानलाई बल पुऱ्याउन सबै मिलेर सहयोग गर्नुपर्नेमा जोड दिँदै यसले मात्र मधेश मुक्तिको अभियान सफल हुने जिकिर गरे ।

# भन्सार छलीका सामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बलले भन्सार छली गरेर भित्र्याइएको ५० लाख ९३ हजार मूल्य बराबरका कपडा तथा हार्डवेयरका सामान बरामद गरेको छ ।

प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको सशस्त्र प्रहरी र वीरगञ्ज भन्सार कार्यालयको टोलीले आज वीरगञ्ज महानगर १० स्थित आर्दशनगरमा भन्सार छली गरेर ल्याएर गोदाममा राखेको सामान



बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल पर्साका सूचना अधिकारी नरेन्द्रसिंह धामीले सशस्त्र प्रहरीले नियमित रुपमा निगरानी गरी भन्सार छलीका सामान बरामद गर्दै आइरहेको बताए । सशस्त्र प्रहरीका अनुसार बरामद सामानलाई आजै वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरिएको छ ।

# बागमतीका मेयर भरत थापालाई राजनीतिक प्रतिशोध राखेर फसाउन खोज्यो

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापालाई सरकारले झुटा वन मुद्दा लगाएर फसाउन खोजेको दावी गर्दै चरणवद्ध आन्दोलन गरिरहेको नेकपा माओवादी केन्द्रले बुधबारदेखि सर्लाही जिल्लामा गर्ने भनिएको आम हड्तालको कार्यक्रम स्थगित गरेको जनाएको छ ।



बुधबार शहीद दिवस र बिहीबार तामाङ समुदायको सोनाम ल्होछार पर्व परेकाले आम हड्तालसहितका विरोधका कार्यक्रम तत्कालको लागि स्थगित गरिएको माओवादी सर्लाहीका इन्चार्ज अच्युतम काफ्लेले जानकारी दिए ।

इन्चार्ज काफ्लेले भने, ‘हाम्रो पहिलो चरणको आन्दोलनका कार्यक्रम मंगलबारबाट सकिएका छन् ।

आजदेखि गर्ने भनिएको आम हड्तालसहितका कार्यक्रम तत्कालको लागि स्थगित गरेका छौं,’ काफ्लेले भने, ‘सरकारले राजनीतिक प्रतिशोधका आधारमा हाम्रा जनप्रतिनिधिमाथि लगाएको झुटा आरोप खारेज नगरेसम्म आन्दोलन जारी रहन्छ । थप आन्दोलनका कार्यक्रम हामी पछि घोषणा गर्नेछौं ।’

बागमती नगर क्षेत्रको खाली पर्ती जग्गामा सुकुम्बासी बस्ती बसाएको आरोप लगाउँदै जिल्ला वन कार्यालयले मेयर थापा र उपमेयर लीला मोक्तानविरुद्ध वन मुद्दा दायर गर्ने तयारी गरेको दाबी गर्दै माओवादी केन्द्र आन्दोलनमा उत्रिएको छ ।

जिल्लामा चरणवद्ध सडक संघर्ष गर्दै आएको माओवादीले मंगलबार सर्लाहीको बागमतीमा राजमार्ग नै अवरुद्ध गरेर जनसभा गरेको थियो। त्यसअघि मसाल जुलुस, मोटरसाइकल ऱ्याली, मधेस प्रदेशका मुख्यमन्त्री, वनमन्त्री र सागरनाथ वन विकास परियोजनामा ज्ञापनपत्र बुझाउनेसहितका आन्दोलनका कार्यक्रम माओवादीले सम्पन्न गरिसकेको छ ।

मंगलबार बागमतीको पुतली चोकमा आयोजित जनसभालाई सम्बोधन गर्दै माओवादी केन्द्रका उपमहासचिव तथा मधेस प्रदेश इन्चार्ज लीलामणि पोखेलले आफैं भ्रष्टाचार र अनियमिततामा लिप्त भएको सरकारले विकासप्रेमी प्रतिनिधिलाई राजनीतिक प्रतिशोध साधेर झुटा मुद्दा मामलामा फसाउन खोजेको बताए । आफ्नो पार्टी नेतृत्वको सरकारले भ्रष्टाचारको फाइल खोल्न थालेपछि आत्तिएर एमाले र कांग्रेसले गठवन्धन गरेर वर्तमान सरकार बनाएको दाबी गर्दै उनले यो सरकारले देशमा सुशासन कायम गर्न नसक्ने दाबी गरे ।

उनले अहिलेको सरकारले पुँजिपतिकै स्वार्थ पूरा हुने गरी भूमि सम्बन्धी अध्यादेश ल्याएको आरोप पनि उनले लगाए ।

बागमती नगर क्षेत्रको खाली पर्ती जग्गामा सुकुम्बासी बस्ती बसाएको आरोपमा जिल्ला वन कार्यालयले थापा र मोक्तानविरुद्ध वन मुद्दा अख्तियारमा दायर गर्ने तयारी भएपछि माओवादी केन्द्र आन्दोलनमा उत्रिएको जनाएको छ ।

माओवादीले राजनीतिक प्रतिशोधको आधारमा मेयर थापा र उपमेयर मोक्तानलाई झुटा वन मुद्दा लगाएर फसाउन खोजेको आरोप लगाउँदै आएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी दुईवटा मुद्दा दायर गरेपछि हाल मेयर थापा र उपमेयर मोक्तान निलम्बित अवस्थामा छन् ।

माओवादी केन्द्र सर्लाहीका इन्चार्ज काफ्लेले विशेष अदालतमा चलिरहेको मुद्दामा अहिले आफूहरुले केही नबोलेको बताए। उनले प्रधानमन्त्री कार्यालयको निर्देशनमा मेयर थापा र उपमेयर मोक्तानलाई वन मुद्दामा फसाउने षड्यन्त्र भएपछि बाध्य भइ सडक संघर्षमा उत्रिएको बताए ।

उनले अहिले मेयर थापाले सुकुम्बासी बस्ती बसाएको भनिएको सागरनाथको वन विकास परियोजना क्षेत्रको वन सशस्त्र द्वन्द्वकालमै सकिएको बताए ।

# दुई हजार दुई सय ७२ क्वीन्टल धान खरिद

**टुडे समाचारदाता**

बारा । खाद्य व्यवस्था तथा व्यापार कम्पनी वीरगञ्जले बारा र पर्सा जिल्लाबाट दुई हजार दुई सय ७२ क्वीन्टल सोनामन्सुली धान खरिद गरेको छ। सो कम्पनीले गत मङ्सिर २० गतेदेखि धान खरिद शुरु गरेको छ ।



कम्पनीले सो हिउँदमा ३२ हजार क्वीन्टल सोनामन्सुली र १० हजार क्वीन्टल जिरामसिनो धान खरिद गर्ने योजना बनाएको छ । अहिलेसम्ममा जिरामसिनो धान भने कृषकले बिक्रीका लागि ल्याएका छैनन् ।

कम्पनीका सूचना अधिकारी समीर दाहालले अपेक्षाकृत रुपमा किसानहरु धान बिक्री गर्न नआएको बताए ।

कार्यालयले दैनिक चार बजेभित्र कृषकले ल्याएको धान तौलिन भ्याएमा सोही दिनभित्रै भुक्तानी गर्दै आइरहेको जनाएको छ। विगतका दुई वर्ष बजार मूल्यभन्दा सरकारले तोकेको समर्थन मूल्य कम भएपछि किसानले कम्पनीलाई धान बेचेका थिएनन् ।

सरकारले यो वर्ष सोनामन्सुली धानप्रति क्वीन्टल रु तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा समर्थन मूल्य तोकेको छ । त्यसैगरी जिरामसिनोको समर्थन मूल्य प्रतिक्वीन्टल रु चार हजार तोकेको छ। यसैबीच, गत आवमा धान, चामल आयात घटेको छ । अघिल्ला आर्थिक वर्षहरुको तुलनामा गत आवमा वीरगञ्ज भन्सार हुँदै आयात हुने चामल आयातमा उच्च गिरावट आएको छ। भारत सरकारले धान, चामल निर्यातमा कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लाग्ने व्यवस्था गरेसँगै सो को प्रभाव नेपालमा देखिएको हो ।

कार्यालयले जनाए अनुसार गत आव २०८०/०८१ मा रु आठ अर्ब २८ करोड ५५ लाख ४२ हजार मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार चार सय ४८ किलो धान आयात भएको थियो । आर्थिक वर्ष २०७९/०८० को तुलनामा गत आवमा धान आयातको परिमाण ४४ दशमलव ६० प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७९/०८० मा १३ अर्ब ७६ करोडको धान आयात गरिएको थियो। सो आवमा ३८ करोड ५५ लाख ८८ हजार तीन सय ३९ किलो धान आयात गरिएको थियो ।

गत आव २०८०/०८१ मा वीरगञ्ज भन्सार हुँदै एक अर्ब ७२ करोड ६२ लाख ५३ हजार रुपैयाँ मूल्यबराबरको एक करोड ३२ लाख ४१ हजार तीन सय ७३ किलो चामल आयात भएको छ। अघिल्लो आवको तुलनामा गत आवमा आयात भएको चामलको परिमाण ६३ दशमलव ८० प्रतिशतले कमी छ ।

आर्थिक वर्ष २०७९/०८० मा भने दुई अर्ब ९५ करोड ९९ लाख ४४ हजार रुपैयाँ मूल्य पर्ने तीन करोड ६५ लाख ८२ हजार छ सय ८३ किलो चामल आयात भएको थियो ।

# वीरगञ्जमा स्व. काशीनाथ तिवारीको स्मरण

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाललाई हिन्दु राष्ट्र घोषणाका अभियान संचालन गरिरहेकै बेला वीरगञ्जमा गोली हानी हत्या गरिएका स्वर्गीय काशीनाथ तिवारीको शालीकमा शहीद दिवसका दिन बुधबार श्रद्धाञ्जली कार्यक्रम गरिएको छ ।



वीरगञ्ज महानगरपालिका-१० स्थित अशोकवाटिकाको शम्सानघाट छेउमा स्थापना गरिएको स्व. तिवारीको शालिकमा आज नेपाल जनता पार्टीको आयोजनामा श्रद्धान्जली कार्यक्रम गरिएको छ ।

हिन्दू युवा संघका संस्थापक केन्द्रीय अध्यक्ष तिवारीको तत्कालीन नेकपा माओवादीले २०६७ साल असार १३ गते शम्सानघाटमै रहेको शीवपार्वती मठमा गोली हानी हत्या गरेको थियो ।

तिवारीको हत्याभएपछि जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको राजनीतिक दल र जिल्लाका सुरक्षा प्रमुखहरुको बैठकमा तिवारीलाई सहिद घोषणा गर्ने सहमती गरी गृह मंत्रालयमा पत्र नै पठाईएको थियो । तर सो सहमति भएको १४ बर्ष बितिसक्दापनि स्व. तिवारीलाई हाल सम्म सरकारले सहिद घोषणा नगरेको छैन । यद्यपि हिन्दूवादी दल र संघ-संस्थाले भने स्वर्गीय तिवारीलाई हिन्दू शहीदको रुपमा सम्मान गर्दै आएका छन् ।

बुधबार शहीद दिवसका दिन स्व. तिवारीको सालिकमा वीरगन्ज महानगरपालिकाको सहयोगमा सरसफाई गरेर स्व. तिवारीको शालिकमा माल्यार्पण गरेर श्रद्धान्जली अर्पण गरिएको नेपाल जनता पार्टीका केन्द्रिय वरिष्ठ नेता सन्तोषानन्द महाराजले बताए ।

स्वर्गीय तिवारीले सनातन धर्म रक्षाको लागी गरेको अमूल्य योगदानको कदर गर्दै आज सहिद दिवसका दिन नेपाल जनता पार्टी पर्साले आयोजना गरेको श्रदान्जली कार्यक्रममा स्व. तिवारीकी पत्नी बबीता तिवारी सहित परिवारका सदस्यलाई सम्मानित पनि गरिएको उनले बताए ।

नेपाल जनता पार्टी पर्सा जिल्लाका अध्यक्ष अनिल कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय वरिष्ठ नेता संतोषानन्द महाराज, केन्द्रीय सदस्यहरु विनोद कुर्मी, पारस द्धिवेदी,शिक्षाप्रेमी राजेन्द्र सिंह,पार्टीका पर्सा जिल्ला उपाध्यक्षधीरजसाहकानुसदस्यहरु प्रमोद शर्मा, सुमीत कुमार दीप कुमार, अंशु कुमार प्रजापति,सन्तोष कुशवाहा, बहुदरमाई नगरपालिका संयोजक मुना साह तेली लगायतकाकोपनि सहभागीता रहेको थियो ।

# सीमावर्ती क्षेत्रमा कुलतको कारोबार

**टुडे समाचारदाता**

जनकपुरधाम । सुरक्षा निकायले पछिल्लो पटक लागूऔषध सेवनकर्ता तथा कारोबारी उपर निगरानी बढाउन थालेपछि उनीहरू भारतीय सीमा क्षेत्रतर्फ केन्द्रित हुन थालेका छन् ।



मधेश प्रदेशको नेपाल-भारत सीमानाका क्षेत्रस्थित बजार उमगाउ, पिपरौन, लगमा, धनौजी, कटैया, हरिने, मटिहानी, भिठामोड, जयनगर, लोकहा, बैरगनिया, चमनपुर, घोडासहानलगायतकामा लागूऔषध निर्वाध रूपमा खरिद गर्न पाउने भएपछि सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका कारोबारी र दुर्व्यसनी सीमावर्ती क्षेत्रतर्फ धाउन थालेका छन् । जिल्लाको विभिन्न स्थानमा लागुऔषधसहित पक्राउ परेका व्यक्ति उपर अनुसन्धान गर्दा उक्त कुरा खुल्न आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

रौतहट प्रहरी कार्यालयका अनुसार केही समयअघि जिल्ला सदरमुकाम गौर, गरुडा, चन्द्रनिगाहपुरलगायतका बजारमा रहेको औषधी पसलबाट नै नेपालमा प्रतिबन्धित औषधीजन्य लागु पदार्थ बिक्री हुँदै आएको थियो ।

पछिल्लो पटक प्रहरीको सक्रियताले लागूऔषध बिक्री नियन्त्रण त भयो तर सीमावर्ती बजारमा भने यसको खरिद बिक्री निरन्तर हुने गरेको प्रहरी अधिकारीहरू नै बताउँछन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दिपककुमार रायले चालु आर्थिक वर्षको हालसम्म लागूऔषध दुर्व्यसनी तथा कारोबारी गरी १८ जना पुरुष र एक जना महिला पक्राउ परेका छन् । जसमध्ये १६ जना उपर मुद्दा चलेको छ । पक्राउ परेका अधिकांश दुर्व्यसनी तथा कारोबारीले भारतीय बजार बैरगनियाबाट नै औषधीजन्य लागूपदार्थ खरिद गरेको बताए ।

चालु आर्थिक वर्षको हालसम्म औषधिजन्य लागू पदार्थ ‘नाट्राभेट ट्याब्लेट’ आठ सय २४ गोटा, कोरेक्स १०० र ५० एमएल को क्रमशः ११ र एक बोतल, ‘फेनारगन’ ४८ पिस, ‘बुप्रोनाइफाइन’ ८० पिस, ‘डाइजिल्याब’ एक सय ७६ पिस, ‘नुर्फिन’ ९६ पिस, ‘प्रोमिथाजिन’ एक सय ३० पिस र नाम नखुलेको ‘इन्जेक्सन’ चार भाइल बरामद भएको अभिलेख जिल्ला प्रहरी कार्यालयमा रहेको जिल्ला प्रहरी प्रवक्ता रायले बताए । यसैगरी जिल्लाको विभिन्न स्थानबाट गाँजा २७ किलो नौ सय तीन ग्राम र हिरोइन एक ग्राम समेत बरामद भएको अभिलेखमा उल्लेख गरिएको छ ।

दुर्व्यसनीमा फसेका चन्द्रनिगाहपुर, बागमती, गरुडा र गौरलगायतका युवा बिहानै स्कुटर, मोटरसाइकल वा टेम्पोमा भारतीय बजार बैरगनिया जान्छन् । लागूऔषध सेवन र खरिद गरी आफ्नो बहानमा लुकाइछुपाइ ल्याउने पनि गर्छन् । कतिपय पक्राउ पर्छन् भने कोही भित्र्याउन पनि सफल हुन्छन् । भित्र्याइएका प्रतिबन्धित औषधीजन्य पदार्थ जिल्लामा तीन गुणा बढी मूल्यमा बिक्री हुने एक दुर्व्यसनीले नाम सार्वजनिक नगर्न आग्रह गर्दै बताए ।

प्रमुख प्रहरी उपरीक्षक दिलिप घिमिरे भन्छन् “खुला सिमानाका कारण भारतीय बजार सहजरूपमा आउजाउ हुने तथा भारतमा औषधीजन्य लागू पदार्थ बिक्रीमा कडाइ नभएका कारण पनि दुर्व्यसनी र कारोबारी भारतीय सीमाक्षेत्रका बजार तर्फ आकर्षित भएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८